मजदुर
The Worker Daily दैनिक

- ग्राहक बन्नु परेमा
- नवीकरण गर्नु परेमा
- पत्रिका नियमित नआएमा
- वितरकहरूसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।

**मजदुर दैनिक**

नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



**Teachers Wanted**

We are looking for energetic, enthusiastic, self-motivated and Experienced for following posts:

| Post | Level | No. | Qualification/ Experience |
| --- | --- | --- | --- |
| Grade | Pre-Primary | 2 | Bachelor Running /at least a year |
| Nepali | L. Secondary | 1 | |
| Health/Grammar | L. Secondary | 1 | |
| Computer | Primary/L. Sec. | 1 | |
| Local Curriculum | Primary/L. Sec. | 1 | |
| Drawing | All Class | 1 | |

Apply self-handwritten application within 28 Chaitra -2080 **(Salary: No bar for deserving Candidates)**

**For Details:**

**Sacred Heart Academy**

Suryavinayak, Bkt, Phone : 016615772/9841432048
sacredheartacademy73@ gmail.com



वर्ष : २६ ★ अङ्क : ७८ ★ ने. सं. ११४४ चिल्ला गा, चतुर्दशी ★ आइतबार ★ २५ चैत, २०८० ★ April 7, 2024, Sunday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


# कामदारवर्गका छोराछोरीलाई गुणस्तरीय शिक्षा प्रदान गर्न जोड




भक्तपुर, २४ चैत । प्रभात सेकेन्डरी स्कूलको ४२ औँ स्थापना दिवस नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा शनिबार सम्पन्न भयो ।

कार्यक्रममा अध्यक्ष बिजुक्छेँले पोका पारिएको तयारी खानेकुरा स्वास्थ्यलाई हानिकारक हुने भएकोले नानी-बाबुहरूलाई त्यस्ता खानेकुराबाट टाढा राख्नुपर्ने र यसबारे डाक्टर-स्वास्थ्यकर्मी र अभिभावकहरूबिच छलफल चालु राख्नुपर्ने बताउनुभयो ।

जाँड-रक्सी खानेको आयु छोटो हुनेभएकोले अम्मली पदार्थ सेवन नगर्न उहाँले सचेत गराउनुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "नयाँ पुस्ता सबै विदेश पठाइए देश के होला ? अहिले नै काठमाडौँका पुराना चोक, बस्तीमा स्थानीय रिक्त भएका छन् ।"

"प्रभात इङ्गलिस सेकेन्डरी स्कूलले कामदार वर्गका छोराछोरीलाई कम शुल्कमा राम्रो शिक्षा दिइरहेको हुँदा संलग्न सबैलाई धन्यवाद दिन चाहन्छु । विद्यार्थीहरूको सानो कक्षादेखि जग बलियो बनाउनु जरूरी छ", उहाँले भन्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रेम सुवालले प्रभात सार्वजनिक शैक्षिक गुठीअन्तर्गत सञ्चालित प्रभात इङ्गलिस सेकेन्डरी स्कूल कामदार जनताको साझा विद्यालय भएको र विद्यालयले कम शुल्कमा गुणस्तरीय शिक्षा दिइरहेको बताउनुभयो ।

१५ वर्षमुनिका विद्यार्थीहरूलाई नेपालभाषा, नेपाली, अङ्ग्रेजीबाहेक अन्य भाषासमेतको तालिम दिनेतर्फ विद्यालयले तयारी गरिरहेको उहाँले जानकारी गराउनुभयो ।

उहाँले भन्नुभयो, "नेपाल मजदुर किसान पार्टीको निर्देशनमा कार्यकर्ताहरू ६० वर्षदेखि विद्यालय स्थापना गरी कामदारवर्गको सेवामा लाग्नुभएको हो । सोही सिलसिलामा ४२ वर्ष अगाडि यो विद्यालय स्थापना भएको हो ।"

पोषणविद् डा. अरूणा उप्रेतीले भन्नुभयो, "नेवारको खानेकुरा स्वस्थकर छ । चिसो पेय पदार्थ र पोका पीरिएको तयारी खानेकुराले कलेजो, मुटु, मिर्गौलालाई हानी गर्छ । यस्तो पत्रु खानेकुरा केटाकेटीलाई खुवाइए २५-३० वर्षमै मधुमेह र उच्च रक्तचापको बिरामी हुनेछ ।"

इन्जिनियर रामविन्दु श्रेष्ठले किशारोवस्थामा पाएको शिक्षा जीवनको पछिसम्म स्मरणमा रहने धारणा राख्दै श्रमलाई सम्मान गर्ने शिक्षा आवश्यक भएको बताउनुभयो ।

***बाँकी पृष्ठ ८ मा***

# देश हितविरुद्धका सन्धि सम्झौताको विरोध जरुरी

भक्तपुर २४, चैत । चाँगुनारायण नगरपालिका वडा नं ५, छालिङस्थित 'राहुलगाउँ गुसिटार खानेपानी तथा सरसफाइ उपभोक्ता समिति' को वार्षिक साधारणसभा शनिबार छालिङ वेगविनायक मन्दिर परिसरमा सम्पन्न भयो ।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् प्रतिनिधिसभा सदस्य प्रेम सुवालले नेपाली भूमि कालापानीमा आफ्नो सेना राखेर लिम्पियाधुरा, लिपुलेकलगायत नेपालको ६० हजार हेक्टरभन्दा बढी भूमि मिच्ने भारतीय विस्तारवादलाई शासक दलहरूले कोसी, गण्डक, महाकालीलगायतका नदीनाला बुझाएको हुँदा नेपाली जनताले सोको विरोध गर्नु जरुरी रहेको आवश्यकता औँल्याउनुभयो ।

"चीन र भारतमा जमिन र जनसङ्ख्या धेरै छ । १ अर्ब ४२ करोड जनता भएको भारतमा ३ करोड बसोबास गर्ने सहर बनाउँदा फरक पर्दैन । तर, ३ करोडमात्रै जनसङ्ख्या भएको नेपालको काठमाडौँ उपत्यकामा १ करोड मान्छे थुपार्नु उपयुक्त हुन्न । एकैठाउँमा धेरै मान्छे राख्दा हरियाली घट्छ । मानिसको बस्ती वरिपरि पानी, खेती गर्ने जमिन र रुखबिरुवा पनि हुनुपर्छ । शासक दलहरूको अकर्मन्यताको कारण अहिले काठमाडौँवासीले खाद्यान्न र तरकारी समेत भारतबाट ल्याएर खानुपरेको छ" उहाँले उल्लेख गर्नुभयो ।

सांसद सुवालले भन्नुभयो, शासक दलहरूले काठमाडौँलाई कङ्क्रिटको जङ्गलमा परिणत गरे । सिमेन्टले 'रोडन' भन्ने ग्यास निकाल्छ जसले अक्सिजन खान्छ । यसकारण झ्याल ढोका बन्द भएको कोठामा अक्सिजन पुग्दैन । जनसङ्ख्या बढेपछि धुलो, धुवाँको समस्या पनि बढ्दो छ । धुलो, धुवाँले मानिसलाई दिनको २ बट्टा चुरोट खाए बराबरको असर गर्छ । एक खिल्ली चुरोटले मानिसको ११ मिनेट आयु घटाउँछ । यसकारण, देशको सन्तुलित विकास गर्न सिंहदरवारको सेवा सुविधा गाउँगाउँमा पुऱ्याउनु पर्छ । जनताले आ-आफ्नो जिल्लामा मात्रै जग्गा किनबेच गरेर बस्न पाउने बन्दोबस्त संविधान संशोधन गरेर लेख्नु जरुरी छ ।"

"नेपालको तराईमा हावा, हुरी, घाम झेलेको हजारौँ वर्ष पुरानो बलिया सालका काठ छन् । शासक दलका नेताहरूले नेपालको सक्कली सालको काठ भारत पठाएर विदेशमा छिटो हुर्काइएका कमसल काठ ल्याउँदै छन् । नेपालको चारकोसे झाडी सखाप पारियो । नेपालको हरियो वन तस्करको धन भइरहेको छ" उहाँले भन्नुभयो ।

"०७३ सालमा वाइडबडी जहाज किन्न कर्मचारी कल्याण कोष र नागरिक लगानी कोषको खर्बौं रूपैयाँ लगानी गरिएको थियो । वाइडबडीमा सुरुमा ८, १० अर्ब भ्रष्टाचार भएको सार्वजनिक

***बाँकी पृष्ठ २ मा***


## सूचना सूचना

भक्तपुर इँटा तथा टायल उद्योग प्रा.लि., जगाती, भक्तपुरबाट उत्पादन भएको उच्च गुणस्तरीय चाइनिज र बिबिटी मेशिन मेड इँटा २ महिनाको लागि मात्र भारी छुटमा बिक्री भइरहेको छ । यस मौकाको फाइदा उठाई मजबुत घर, भवन र पर्खालको साथै अन्य निर्माण गरी ढुक्क हुनुहोस् ।

**भक्तपुर इँटा तथा टायल उद्योग प्रा.लि.**

जगाती, भक्तपुर, फोन : ६६१०१९०, ६६१०१९१, ६६१३९६२


# प्रदेशस्तरीय धिमेय बाजा प्रतियोगिता सम्पन्न




भक्तपुर, २४ चैत । केन्द्रीय मानन्धर सङ्घको आयोजनामा भएको वाग्मती प्रदेशस्तरीय धिमेय बाजा प्रतियोगिता शनिबार सम्पदास्थल तचपाल टोलमा सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले उक्त कार्यक्रमको उद्घाटन गर्दै भन्नुभयो, "धिमेय बाजा नेवारहरूले महत्त्वपूर्ण जात्रा-पर्वहरूमा बजाइने मौलिक बाजा हो; यो बाजा बजाउने सीप नयाँ पुस्तामा हस्तान्तरण भइरहेको छ; आजको प्रतियोगिताले नयाँ पुस्तालाई उत्साहित गर्नेछ ।"

भनपाले संस्कृतिलाई जीवन्तता दिन हरेक वर्ष विभिन्न बाजाहरूको संरक्षण गर्दै आएको र बाजा गुरूहरूलाई सम्मान गर्दै आएको उहाँले बताउनुभयो ।

***बाँकी पृष्ठ ८ मा***

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

## उत्कृष्ट खेलाडी छनोटसम्बन्धी सूचना

नयाँ वर्ष २०८१ को अवसरमा शुभकामना तथा २०८० सालमा भक्तपुर जिल्लाबाट विभिन्न खेल प्रतियोगितामा सहभागी भई पदक प्राप्त गर्नुभएका वर्षका उत्कृष्ट पुरुष तथा महिला खेलाडीहरूलाई बधाई तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्न सफल खेलाडी, रेफ्री र प्रशिक्षक प्रशिक्षण कोर्समा उत्तीर्ण प्रशिक्षकहरूलाई (रिफ्रेसर कोर्स गर्नेहरूबाहेक) सम्मान कार्यक्रम गर्ने भएकोले सम्पूर्ण सम्बन्धित खेलाडी, रेफ्री, प्रशिक्षकहरूले आ-आफूले २०८० सालमा प्राप्त गर्नुभएका प्रमाणपत्रहरूको प्रतिलिपि मिति २०८१ वैशाख २० गतेभित्र सम्बन्धित खेल सङ्घको सिफारिससहित भनपा प्रशासन शाखा वा राय ह्यान्डिक्राफ्ट खौमामा पेस गर्नुहुन अनुरोध गरिन्छ ।

# शिक्षालाई उत्पादन श्रमसँग मिलाउनुपर्नेमा जोड




भक्तपुर, २४ चैत । बासु मा.वि.मा कार्यरत शिक्षक-कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीबिच शनिबार भेटघाट तथा शुभकामना कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले नेमकिपाले स्थापनाकालदेखि नै शिक्षालाई उत्पादन श्रमसँग मिलाउनुपर्ने आवाज उठाइरहेको बताउनुभयो ।

शिक्षालाई उत्पादन श्रमसँग नजोडिएको कारण आज ८० लाखभन्दा बढी नेपाली विदेशी भूमिमा छन्, उहाँले भन्नुभयो ।

विद्यार्थीलाई पाठ्यक्रममा आधारित ज्ञान दिनुका साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीति एवं घटनाक्रमबारे पनि ज्ञान दिनुपर्ने आवश्यकता अध्यक्ष बिजुक्छेँले औँल्याउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सांसद सुरेन्द्रराज गोसाईले समुदायमा आधारित विद्यालयले समाजसँगको सम्बन्ध राम्रो बनाउन आवश्यक गतिविधि सञ्चालन गर्नुपर्ने र विभिन्न विद्यालयका असल अभ्यासहरूको आदानप्रदान गरी स्तरोन्नतिमा जोड दिनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "सिर्जनात्मक गतिविधि तथा अध्ययन-लेखनको क्षेत्रमा लाग्न विद्यार्थीहरूलाई निरन्तर उत्प्रेरणा दिनु आवश्यक छ; विद्यालय, शिक्षक र कर्मचारीले आत्मसमीक्षा, अन्तरक्रिया तथा अध्ययनमार्फत समय सुहाउँदा परिवर्तनका निम्ति तयार हुँदै योगदान गर्नु आवश्यक छ ।"

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिप्रसाद बासुकलाले विद्यालयको गुणस्तर बढाउन शिक्षकहरूले थप मेहनत गर्नुपर्ने आवश्यकता औँल्याउँदै विद्यार्थीको परीक्षा नतिजाबारे गहन विश्लेषण गर्नुपर्छ भन्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष कृष्णबहादुर कर्माचार्य, विद्यालयका प्रअ अम्बिका न्याइच्याई, कम्प्युटर इन्जिनियरिङका संयोजक रमेश प्रजापति, सहायक प्रअद्वय राजकुमार ह्यौँमिखा र रविलाल प्रधान, मावि इन्चार्ज सुनिता घटुवा, शिक्षकहरू रामकुमार निरौला, जगतलक्ष्मी पहिजु र विष्णुप्रसाद दुमरूले पनि बोल्नुभएको थियो ।

# मुहाली बाजा प्रशिक्षणको समापन सम्पन्न

भक्तपुर, २४ चैत । भैरवनाथ सांस्कृतिक समूहको आयोजनामा सञ्चालन भएको मुहाली बाजा प्रशिक्षण कार्यक्रम शनिबार समापन भएको छ ।

समापन कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले संस्कृति र सभ्यता हरेक नागरिकको परिचय भएको कुरा औँल्याउनुभयो । उहाँले भन्नुभयो, "पुर्खाले सिर्जेको कला र संस्कृतिबाट नै हाम्रो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय छवि उँचो रहेको छ ।" समग्र समाजलाई बुद्धिजीवीकरण गर्ने क्रममा भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य र संस्कृतिलाई नयाँ पुस्तामा हस्तान्तरण गर्ने कार्य गरिरहेको उल्लेख गर्दै उहाँले स्वदेश वा विदेश जहाँ रहे पनि आफूमा रहेको सीप र दक्षता नै हरेक नागरिकको वास्तविक सम्पत्ति भएको उल्लेख गर्दै हरेक नागरिक एक न एक विषयमा दक्ष हुनुपर्ने विचार राख्नुभयो ।

युवाको विदेश पलायनतर्फ चिन्ता व्यक्त गर्दै उहाँले भन्नुभयो, "विश्वकै सुन्दर देश भएर पनि देशको शासनसत्ता गलत तत्त्वको हातमा परेकोले युवाहरूले विदेशमा दुःख पाइरहेका छन् ।" उहाँले बाध्यतामा परेर बिदेसिएकाहरूले त्यहाँबाट सीप र प्रविधि सिकेर त्यसको स्वदेशमा नै सदुपयोग गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा भैरवनाथ सांस्कृतिक समूहका सल्लाहकार न्हुछेराम भेलेले परम्परागत संस्कृति र सम्पदाको संरक्षण तथा नयाँ पुस्तामा हस्तान्तरण महत्त्वपूर्ण कार्य रहेको भन्दै निरन्तरताको लागि शुभकामना दिनुभयो ।

पूर्ववडा अध्यक्ष कुमार चवालले हरेक नागरिक आफैमा कलाकार भएको चर्चा गर्दै जतिसुकै ठुलो वा सानो भए पनि अनुशासनविना त्यसको महत्त्व नहुने बताउनुभयो ।

स्थानीय संस्कृतिकर्मी मुक्तिसुन्दर जधारीले कला र संस्कृति समाजको सौन्दर्य भएको र निरन्तर साधनाबाट यसको उत्कृष्टता कायम हुने बताउनुभयो ।

कार्यक्रममा नौबाजाका गुरु शंखरनाथ सुवाल, पोङा बाजाका गुरु शेरबहादुर न्हिसुतु तथा मुहाली गुरु रामगोपाल कपालीलाई सम्मान गरिनुका साथै प्रशिक्षार्थीहरूलाई प्रमुख अतिथि सुनिल प्रजापतिले प्रमाणपत्र वितरण गर्नुभएको थियो । समूहका अध्यक्ष श्रीभक्त सुवालको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा संस्थाका उपाध्यक्ष जेनिशा भेलेले स्वागत तथा सदस्य न्हुज किजूले कार्यक्रमको आवश्यकताबारे चर्चा गर्नुभएको थियो ।

***देश...***

भयो । पछि लेखा समितिले साढे ४ अर्ब भ्रष्टाचार भएको जनायो । अख्तियारले १ अर्ब भ्रष्टाचार भयो भनेर ३२ जना नेपालीलाई मुद्दा हालेको छ । ८ जना विदेशी नागरिक पनि वाइडबडी भ्रष्टाचारमा संलग्न छन् । नेपाली र विदेशी मिलेर देश लुटे ।" सांसद सुवालले चिन्ता व्यक्त गर्नुभयो ।

अतिथि सुवालले एक विदेशीले लेखेको 'कुकुल्यान्ड' भन्ने किताबमा अहिलेका प्रधानमन्त्री पुष्पकमल दाहालले अजय सुमार्गीसँग मिलेर एनसेलमा खबौँ भ्रष्टाचार गरेको उल्लेख गर्दै भ्रष्टाचारी कारबाही गरिए सिंहदरबारमा बस्ने कोही पनि नबच्ने बताउनुभयो ।

"नेपालमा राणाले १०४ वर्षसम्म जनतालाई अँध्यारोमा राखे, राणा प्रम चन्द्रशमशेरले त्रिचन्द्र कलेजको जग हाल्दा 'मैले आफ्नै खुट्टामा बन्चरो हाने' भनेका थिए । हामीले जनताका छोराछोरीलाई पढाउनुपर्छ भनेर ख्वप कलेज स्थापना गऱ्यौँ । आज ख्वप कलेजमा ७७ जिल्लाका विद्यार्थीहरू पढ्दै छन् । हामीले विश्वविद्यालय खोलेर डाक्टर पनि सस्तोमा पढाउँछौँ भन्दा निजी क्षेत्रसँग कमिसन खान पल्केका सरकारहरूले स्वीकृति दिएनन् ।" सांसद सुवालले उल्लेख गर्नुभयो ।

उहाँले नेपाली युवा बेलायती, अमेरिकी, फ्रान्सेली, रुसी, युक्रेनको सेनामा भर्ती भएर लड्दै र मर्दै गरेको बारे सचेत पार्दै सरकारले नेपाली युवालाई अर्काको देशमा जान नपर्ने गरी यहीं रोजगारीको बन्दोबस्त गर्नु जरुरी रहेको आवश्यकता औँल्याउनुभयो ।

सांसद सुवालले भन्नुभयो, "लोडसेडिङको बेला सर्वसाधारण जनताका छोराछोरीले पढ्नलाई बिजुली पाएनन् तर उद्योगपतिहरूको कारखाना चलाउन सरकारले चौबिसै घण्टा बिजुली दियो । आज ती उद्योगपतिहरूले ३० अर्ब रुपैयाँ बिजुलीको महशुल बुझाएका छैनन् । सरकारले सो रकम उठाएर जनतालाई सस्तोमा बिजुली दिनुपर्छ ।"

उहाँले शासक दलहरू जनताप्रति समर्पित रहनु जरुरी रहेको बताउनुभयो । भारतमा आफ्नै बडीगार्डले इन्दिरा गान्धीलाई गोली हानेर मारेको इतिहासबाट शासक दलका नेताहरूले पाठ सिक्नु जरुरी रहेको पनि उहाँले औँल्याउनुभयो ।

सांसद सुवालले भन्नुभयो, "रुसमा फेब्रअरी क्रान्तिमा राजालाई निकालेर पुँजीपति सरकारमा गयो । त्यसपछि १९१७ को अक्टोबरमा लेनिनको नेतृत्वमा समाजवादी क्रान्ति भयो । नेपालमा ४६ सालमा राजालाई कमजोर बनाएर शासक दलहरू सरकारमा गएर देश र जनताको पक्षमा ३५ वर्षसम्म केही गरेनन् । शासक दलका नेताहरूले क्रान्ति होइन भ्रष्टाचार गरे । ०७ सालमा भएको क्रान्तिपछि ०१७ सालमा प्रतिगमन भयो, ०४६ सालको परिवर्तनपछि ६१ साल माघ १९ गते ज्ञानेन्द्रले प्रतिगमन गरेजस्तै शासक दलका नेताहरूले देश र जनताको पक्षमा काम नगरे फेरि प्रतिगमन हुनसक्छ । यसकारण, सरकारमा जाने शासक दलहरूलाई जनताले खबरदारी गरिरहनु जरुरी छ ।"

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्ला समितिका उपाध्यक्ष एवम् चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजुले जनतालाई स्वच्छ खानेपानी उपलब्ध गराउने काममा उपभोक्ता समिति सक्रियताका साथ लागेकोमा धन्यवाद व्यक्त गर्दै बेलाबेलामा जनताको स्वास्थ्य जाँच गर्न स्वास्थ्य शिविरहरू पनि सञ्चालन गर्नु आवश्यक रहेको औँल्याउनुभयो ।

उहाँले बहुविवाह, अनमेल विवाह, बालविवाहजस्ता कुरीतिहरूबाट अझै समाज जकडिएको हुँदा जनता जागरुक हुनु जरुरी रहेको उल्लेख गर्दै राष्ट्रिय अन्तर्राष्ट्रिय विषयमा पनि जनता सचेत हुनु जरुरी रहेको बताउनुभयो ।

कार्यक्रममा वाग्मती प्रदेशसभाका सांसद गीता काफ्लेले नेपाल मजदुर किसान पार्टी संसद्मा भागबन्डा खान संलग्न नभएको उल्लेख गर्दै देश र जनताको पक्षमा कानुन निर्माण गर्न लागिपरेको बताउनुभयो । उहाँले कामदार जनता अगाडि नबढेसम्म देश उँभो नलाग्ने बारे जनता सचेत हुनु जरुरी रहेको बताउनुभयो ।

आयोजक समितिका उपाध्यक्ष मञ्जु तोर्लाङ्गिको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा हरिभक्त फोजुले उपभोक्ता समितिको वार्षिक प्रतिवेदन पेस गर्नुभएको थियो भने गणेशलाल फोजूले पनि बोल्नुभएको थियो । राहुलगाउँ गुसिटार खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले तेलकोट जङ्गलभित्रबाट मुलाकोट गढीमा स्वच्छ पानी लिफ्ट गरी राहुलगाउँ, गुसीटार, नगरकोटी गाउँ र तामाङगाउँका जनतालाई वितरण गरिरहेको छ ।

# नेपाली माली समाजको अधिवेशन सम्पन्न

भक्तपुर, २४ चैत । नेपाल माली समाजको २० औँ अधिवेशन शनिबार सम्पन्न भयो ।

नेपाल माली समाजका केन्द्रीय अध्यक्ष अमरनारायण मालीले युवाहरू लगनशील भई उच्च शिक्षा हासिल गरेर देश र समाजको सेवा गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेवा: दे दबुका अध्यक्ष पवित्रा बज्राचार्यले नेपाली युवाहरू विदेश गएकाले मुलुक नै युवाविहीन अवस्थामा पुगेको बताउनुभयो ।

विजयबहादुर माली, माली उत्थान मञ्चका निवर्तमान महासचिव जयराम माली, हलिं नेवा: गुठीका अध्यक्ष शान्तप्रकाश श्रेष्ठ, नेवा: अन्तर्राष्ट्रिय फोरमका संस्थापक अध्यक्ष माधवनारायण मानन्धर, माली समाजका उपाध्यक्ष सुरेन्द्रवीर मालाकार, नेपाली माली समाजका निर्वाचन आयुक्त प्रल्हादमान माली र माली समाजका निवर्तमान उपाध्यक्ष बेखारत्न माली कार्यक्रमका अतिथि हुनुहुन्छ ।

अमरनारायण मालीको सभापतित्वमा भएको सो कार्यक्रममा सरिता मालाकार डंगोलले कार्यक्रमको आवश्यकताबारे चर्चा गर्नुभयो ।

# नाक, कान र घाँटी परीक्षण शिविरमा १३० जना लाभान्वित

भक्तपुर, २४ चैत । भक्तपुर नपा वडा नं ९ सूर्यमढीस्थित वाकुपतिनारायण मन्दिरको प्राङ्गणमा शनिबार नाक, कान, घाँटी परीक्षण शिविर सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं ९ का वडा अध्यक्ष रवीन्द्र ज्याख्वले ख्वप अस्पताल जनताको अस्पताल भएको बताउँदै अस्पतालले नगरवासीलाई दिँदै आएको स्वास्थ्य सेवाबारे जानकारी दिनुभयो । वडाको गतिविधि र समसामयिक विषयवस्तुबारे बोल्दै उहाँले कोही पनि घरधनीले घर भाडा दिँदाखेरि घर भाडामा बस्ने व्यक्तिको व्यक्तिगत जानकारी लिनुपर्ने बताउनुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ, सूर्यमढी ९ वडा एकाइ समितिका अध्यक्ष रामेश्वरी कुसीले नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा नेपाल क्रान्तिकारी महिला सङ्घले उक्त शिविर आयोजना गरेको बताउँदै महिला दिदीबहिनीहरूले समय समयमा स्वास्थ्यको ख्याल गर्नुपर्ने बताउनुभयो ।

स्वास्थ्य शिविरमा ख्वप अस्पतालका इन्टरनल मेडिसिन डा. अमर प्रजापति र ENT विशेषज्ञ चिकित्सक डा. बेलुले परीक्षण गर्नुभएको थियो ।

एकदिने उक्त शिविरमा १३० जना महानुभावहरू लाभान्वित भएका थिए । नेपाल क्रान्तिकारी महिला सङ्घ, सूर्यमढी ९ वडा एकाइ समिति र प्रगति सामुदायिक सिकाइ केन्द्रको संयुक्त आयोजनामा सो शिविर सञ्चालन गरिएको थियो ।

# समय साकोसको शुभकामना आदानप्रदान तथा भित्तेपात्रो वितरण

भक्तपुर, २४ चैत । समय बचत तथा ऋण सहकारी संस्था लि. को नयाँ वर्ष २०८१ सालको शुभकामना आदानप्रदान तथा भित्तेपात्रो विमोचन तथा वितरण कार्यक्रम शनिबार सम्पन्न भयो ।

संस्थाका अध्यक्ष श्यामसुन्दर बेकोजूको सभापतित्वमा सम्पन्न भएको सो कार्यक्रममा उहाँले विश्वमा शक्ति राष्ट्रहरूको युद्धको कारण विश्वमा परेको आर्थिक मन्दीले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सबैजसो क्षेत्रमा प्रभाव परेकोले वित्तीय संस्थाहरू पनि अछुटो नरहेको बताउनुभयो । संस्थाका समिति उपसमिति, सदस्य एवं कर्मचारीहरूको बिचमा भएको सो कार्यक्रममा लेखा समिति सदस्य विक्रम ढुकुछुले सहकारी संस्थाले गर्दै आएको सदस्यकेन्द्रित कार्यक्रमलाई निरन्तरता दिँदै जानुपर्नेबारे प्रकाश पार्नुभयो ।

कार्यक्रममा संस्थाका उपाध्यक्ष चन्दकृष्ण ग्वाछा, निवर्तमान अध्यक्ष बाबुकाजी गाईजु, सचिव लक्ष्मीप्रसाद छुस्याबागलगायतले बोल्लनुभएको थियो ।

# स्वतन्त्र पत्रकार सङ्घ भक्तपुरको अधिवेशन सम्पन्न

भक्तपुर, २४ चैत । स्वतन्त्र पत्रकार सङ्घ नेपाल भक्तपुर शाखाको पाँचौं साधारणसभा र चौथो अधिवेशन शनिबार सम्पन्न भएको छ ।

उक्त अधिवेशनबाट रेडियो जनसञ्चारका स्टेसन म्यानेजर सुरेशप्रसाद साँय्जूको अध्यक्षतामा ९ सदस्यीय नयाँ कार्यसमिति चयन भएको छ ।

कार्यक्रममा स्वतन्त्र पत्रकार सङ्घ नेपालका केन्द्रीय वरिष्ठ उपाध्यक्ष के.बी. सम्रातले पत्रकारिता स्वच्छ, निष्पक्ष र सन्तुलितरूपमा गर्नुपर्ने बताउनुभयो ।

सङ्घका केन्द्रीय पार्षद् एवं भक्तपुरका सल्लाहकार कृष्णराम किसीले सङ्घबाट गरिने कार्यक्रममा नियमित सहभागी हुनुपर्ने औँल्याउनुभयो ।

गोर्खा इको प्यानलका प्रतिनिधि जीवन खाइतुले गोर्खा इको प्यानलको भूमिकाबारे स्पष्ट पार्दै पत्रकारिता क्षेत्रमा योगदान गर्ने पत्रकारहरूका लागि सहयोग गर्न पाएकोमा खुसी व्यक्त गर्नुभयो ।

सभापतिको आसनबाट सङ्घका अध्यक्ष सुरेशप्रसाद साँय्जूले सङ्घले विभिन्न समयमा गरेका क्रियाकलापहरूबारे स्पष्ट पार्दै भावी योजनाहरू प्रस्तुत गर्नुभएको थियो ।

सङ्घका उपाध्यक्ष रेणु त्वानावासुले स्वागत गर्नुभएको उक्त कार्यक्रममा सचिव प्रेम प्रजापतिले सङ्घको वार्षिक प्रगति प्रतिवेदन र कोषाध्यक्ष अनिल फौँजुले आर्थिक प्रगति प्रतिवेदन पेस गर्नुभएको थियो ।

उक्त अधिवेशनबाट ९ सदस्यीय नयाँ कार्यसमिति चयन भएको थियो । समितिमा उपाध्यक्ष रेणु त्वानाबासु, सचिव प्रेम प्रजापति, सहसचिव राजन कुसी, कोषाध्यक्ष अनिल फौँजु, सदस्यहरूमा राजाराम नापित, सुनिल दुवाल, रामकृष्ण प्रजापति र सूर्यमान श्रेष्ठ रहनुभएको छ ।

# वडा नं. ३ मा पाठेघर तथा स्तन परीक्षण शिविर

भक्तपुर, २४ चैत । भक्तपुर नगरपालिका वडा नं. ३ कार्यालयको आयोजनामा शनिबार पाठेघर तथा स्तन परीक्षण शिविर सम्पन्न भयो ।

भ.न.पा.का उपप्रमुख रजनी जोशीले डा. पुनमकुमारी थापालाई स्वास्थ्य सामग्री हस्तान्तरण गरी सो कार्यक्रमको उद्घाटन गर्नुभएको थियो ।

उक्त समारोहमा उपप्रमुख जोशीले जनतामा देखिएका विभिन्न रोगहरूको निराकरण गर्न विभिन्न स्वास्थ्य शिविर सञ्चालन गरिरहेको बताउनुभयो ।

समय-समयमा पाठेघर तथा स्तन क्यान्सर, नाक, कान, घाँटी, दाँत, आँखा, क्षयरोग, सुगर, प्रेसर, मिर्गौला, मुटुसम्बन्धी रोगबाट निदान गर्न शिविर सञ्चालन भइरहेको जानकारी दिँदै उहाँले जनतालाई ख्वप अस्पतालले सस्तो, सुलभमा गुणस्तरीय स्वास्थ्य सेवा दिइरहेको बताउनुभयो ।

भ.न.पा.ले शिक्षा, स्वास्थ्य, सम्पदा, सरसफाइ, खेलकुद, कृषि तथा महिलाकेन्द्रित कार्यक्रम सञ्चालन गरिरहेको पनि उहाँले बताउनुभयो ।

भ.न.पा. वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराको सभापतित्वमा भएको सो शिविरमा कार्यपालिका सदस्य सुनिता अवाल, वडा सदस्य कृष्णगोपाल चौगुठी, सदस्य राजकुमार शिल्पकार र डा. पुनमकुमारी थापाले शिविरको आवश्यकताबारे बोल्नुभएको थियो ।

शिविरमा २३०न जनाको पाठेघरको परीक्षण र १४ जनाको स्तन परीक्षण भएको थियो ।

# कीर्तिपुरमा सहिद स्मृतिकप ब्याडमिन्टन प्रतियोगिता सम्पन्न



भक्तपुर, २४ चैत। युवा खेलकुदर समूह कीर्तिपुर र सहिद साप्ताहिक पत्रिकाको संयुक्त आयोजनामा भएको १५ औं सहिद स्मृति कप खुला ब्याडमिन्टन प्रतियोगिता शनिबार सम्पन्न भयो।

प्रतियोगिताको फाइनल खेलमा कीर्तिपुर नगरपालिकाका अमित महर्जन/विप्रिशमुनी बज्राचार्यको जोडीले चन्द्रागिरी नगरपालिकाका सुमन महर्जन/प्रमोद महर्जनको जोडीलाई २४/२२ र २०/१८ को सोझो सेटले पराजित गरी कीर्तिपुरको टीम त्रिनगर च्याम्पियन बन्न सफल भयो।

चन्द्रागिरीका प्रमोद/सुमन द्वितीय र कीर्तिकपुरकै नरेश महर्जन/रितिश श्रेष्ठ र श्याम महर्जन/निखिल भट्ट संयुक्त रूपमा तृतीय भए।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेश सांसद सुरेन्द्रराज गोसाईले शासक नेताहरूले सहिदरूको सपनामाथि खेलबाड गरिरहेका छन् भन्नुभयो।

उहाँले भन्नुभयो, "३३ वर्षलाई इतिहासमा एक पुस्ता मानिन्छ। सहिदको बलिदानबाट प्रजातन्त्र पुनःस्थापना भएको दोस्रो पुस्तामा पुग्दासमेत नेपाली जनताले मौलिक परिवर्तन अनुभव गर्न पाएका छैनन्।"

देशका हरेक क्षेत्र भताभुङ्ग हुनुमा मुख्य जिम्मेवार सरकारमा गएका दलहरू नै दोषी भएको चर्चा गर्दै उहाँले भन्नुभयो, "देशमा देखिएको नैतिकता, इमान, विचार, सिद्धान्तको सङ्कटले गर्दा राजनीतिक र आर्थिक सङ्कट दिनप्रतिदिन बढ्दै गएको छ।"

प्रतियोगिताका संयोजक नारायण महर्जनले सहिदको सम्झना गर्दै युवाहरूमा सहिदको योगदानबाट सिकाउने र ब्याडमिन्टन खेलबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय कुशल खेलाडी तयार गर्ने लक्ष्यका साथ १५ औं पटक सहिद स्मृति कप सञ्चालन भएको जानकारी दिनुभयो।

समूहका अध्यक्ष हरिकुमार महर्जनको सभापतित्वमा भएको कार्यक्रममा मधुकर श्रेष्ठले पनि बोल्नुभएको थियो।

प्रतियोगितामा यस वर्षको वर्ष खेलाडी इन्द्रायणी परिवार क्लवका अध्यक्ष, देवढोका ब्याडमिन्टन समूहका संस्थापक, ब्याडमिन्टन क्लबका नियमित खेलाडी भीमकुमार महर्जनलाई घोषणा गरिएको थियो।

प्रतियोगितामा विजयी प्रथम, द्वितीय र तृतीय खेलाडीहरूलाई क्रमश: ३० हजार, १५ हजार र ८ हजार नगद पुरस्कार प्रदान गरिएको थियो।

विजयी खेलाडीहरूलाई अतिथि गोसाई, नेपाल टेलिकमका वित्तीय प्रमुख राजेन्द्र श्रेष्ठ, कीर्तिपुर ब्याडमिन्टन क्लवका अध्यक्ष चन्दन महर्जन, निवर्तमान अध्यक्ष दयाराम डंगोलले ट्रफी, मेडल, प्रमाणपत्र र नगद प्रदान गर्नुभएको थियो।

# भनपा–८ मा दुईवटा पार्टी उद्घाटन

भक्तपुर, २४ चैत। भक्तपुर नगरपालिका वडा नं. ८ को मचोभैरवमा शनिबार दुई वटा पाटी उद्घाटन भएको छ।

पाटी उद्घाटन गर्दै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले स्थानीय श्रम, सीप र स्रोतको अधिकतम प्रयोग गरी उपभोक्तामार्फत भक्तपुरका सम्पदाहरू संरक्षण गर्दै आएको बताउनुभयो।

कला र संस्कृति हाम्रो सम्पत्ति भएको हुँदा त्यसको संरक्षण गर्नु सबैको साझा जिम्मेवारी हुने धारणा राख्दै उहाँले भन्नुभयो, "सफा, सुन्दर र सुरक्षित भक्तपुर निर्माण गर्ने कार्यमा यहाँका जनताको संयुक्त प्रयास जरूरी छ।"

भक्तपुरका जनताले निकै लामो समयदेखि गरेको प्रयास र मिहेनतले अहिले भक्तपुर सबैको लागि सिक्ने ठाउँ भएको उहाँले बताउनुभयो।

प्रमुख प्रजापतिले भन्नुभयो, "भक्तपुर पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास हुँदै गएको छ, आन्तरिक र वाह्य पर्यटकहरूको आकर्षणको केन्द्र बन्दै गएको छ। आफ्नो ठाउँको विकास आफैले गर्ने भन्ने भावनाले काम गरेमा समाज अगाडि बढ्नेछ।"

शिक्षासेवी लक्ष्मीनारायण दुवालले संस्कृतिको नाउँमा विकृत हुनबाट जोगाउनुपर्ने र सबैले सामाजिक कार्य गर्दा सहयोगी भावनाले गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

पूर्ववडाध्यक्ष महेन्द्र खायमलीले वडाको समानुपातिक विकास भइरहेको चर्चा गर्दै बिस्का जात्रालाई सभ्य तरिकाले मनाउन अपिल गर्नुभयो।

वडाध्यक्ष कृष्णप्रसाद कोजूको सभापतित्वमा भएको उक्त कार्यक्रममा पाटी नं. १ उपभोक्ता समितिका अध्यक्ष रामप्रसाद खायमली र पाटी नं. २ उपभोक्ता समितिका अध्यक्ष इश्वर गाइजूले पनि बोल्नुभएको थियो।



इलाम क्षेत्र नं. २ मा हुने प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनका लागि नेपाल मजदुर किसान पार्टीको तर्फबाट उम्मेदवारी दर्ता गराइसकेपछि पार्टीका उम्मेदवार श्यामबहादुर दर्जीलगायत पार्टीका प्रतिनिधिहरू चैत २४ गते शनिबार।

*तस्बिर : मजदुर दैनिक*

# पुँजीवादी व्यवस्थामा कामदार जनताको हित नहुने

भक्तपुर, २४ चैत। भक्तपुर नगरपालिका ६ नं. वडा कार्यालयको आयोजनामा शनिबार प्रवचन कार्यक्रम भयो।

उक्त कार्यक्रममा नेमकिपाका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालले मार्क्सवाद, लेनिनवाद र माओ विचारधाराअनुसार व्यापक जनतालाई राजनीतिकरूपले सचेत र सङ्गठित गर्दै समाजवादी व्यवस्थाको लागि आ–आफ्नो क्षेत्रबाट क्रियाशील हुनुपर्दछ भन्नुभयो।

उहाँले कृषकहरूको उत्पादनलाई सरकारले उचित मूल्यमान्यता नदिएको भन्दै नेपाली युवाहरू सरकारको गलत नीतिले रोजगारीको नाउँमा ज्यानको जोखिम मोली विदेशी सेनामा संलग्न भइरहेको चर्चा गर्नुभयो।

भर्पाई आन्दोलन, बाली काट्ने आन्दोलनजस्ता किसान आन्दोलनको चर्चा गर्दै उहाँले पुँजीवादी व्यवस्थामा कामदारवर्गको हित नहुने बताउनुभयो।

किसान नेता गोविन्द दुवालले एमाले, काङ्ग्रेस, माओवादी पार्टीहरू किसान मजदुरको हितमा काम नगरी लोभलालच, भ्रष्टाचारमा लिप्त रहेको र देशको कलकारखाना निजीकरण गरी ध्वस्त पारेको प्रस्ट पार्दै न्यायाधीशहरूको नियुक्तिमा समेत दलीय भागबन्डा गरेको चर्चा गर्नुभयो।

नेमकिपाले बहुसङ्ख्यक काम गरिखाने बहुमत जनताको समस्या समाधान गर्न निरन्तर सङ्घर्ष गरिरहेको बताउँदै उहाँले विगतको किसान आन्दोलनबारे नयाँ पुस्तालाई बताइरहनुपर्ने आवश्यकता औंल्याउनुभयो।

निःस्वार्थपूर्वक देश र जनताको सेवा गर्ने सिद्धान्तअनुसार नेमकिपाले इमानदारीपूर्वक राष्ट्रिय अन्तर्राष्ट्रिय सवालमा आवाज उठाइरहेको बताउनुभयो।

कार्यपालिका सदस्य रोशनमैयाँ सुवालले नेमकिपाले किसान आन्दोलन, भ्रष्टाचारविरोधी आन्दोलन, शिक्षा, स्वास्थ्य, सफाइ तथा सांस्कृतिक आन्दोलन थालेको चर्चा गर्नुभयो।

भनपा वडा नं. ६ का वडाध्यक्ष एवम् कार्यक्रमका सभापति हरिराम सुवालले विश्व प्रसिद्ध बिस्का जात्रालाई शान्तिपूर्ण बनाउन आ–आफ्नो क्षेत्रबाट योगदान गर्न आग्रह गर्दै वडावासीहरूको साथ, सहयोग र जनश्रमदानमा वडाको विकास निर्माण कार्य अघि बढिरहेको विचार राख्नुभयो।




कार्यक्रममा समाजसेवी गोपीकृष्ण चाँगुभारी, जगनाथ सुजखु, गणेशराम थुसा र वडा सचिव सिद्धिराम अवालले पनि बोल्नुभएको थियो।

# साइनिङ स्टुडेन्ट एकेडेमीमा पुरस्कार वितरण

भक्तपुर, २४ चैत। साइनिङ स्टुडेन्ट एकेडेमीको आयोजनामा 'दि साइनिङ हिरो अफ दि एयर'को फाइनल र वार्षिक परीक्षाफल प्रकाशन, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम शनिबार सम्पन्न भयो।

कार्यक्रममा भनपा वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवालले भनपाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणलगायत क्षेत्रमा विशेष जोड दिँदै कार्य गरिरहेको बताउनुभयो।

भनपाले शिक्षालाई सर्वसुलभ बनाउन र गुणस्तरीय शिक्षा दिने उद्देश्यले शिशुस्याहारदेखि स्नातकोत्तर तहसम्म कलेजहरू सञ्चालन गरिरहेको बताउनुभयो।

विद्यालयका प्रिन्सिपल रविन छुस्याकीको सभापतित्वमा भएको कार्यक्रममा विशेष नगर शिक्षा शाखाका अधिकृत साधुराम फुँयाल, अभिभावक सङ्घ नेपाल भक्तपुर जिल्ला कार्य समितिका अध्यक्ष रामकृष्ण प्रजापति, प्याब्सन नगर अध्यक्ष रमेशचन्द्र श्रेष्ठ, अभिभावक सुजिल भुजेल, सहायक प्रिन्सिपल गौरी छुस्याकीलगायतले बोल्नुभएको थियो।

निर्णायक बद्रीनारायण ताम्राकारले साइनिङ हिरोको फाइनलको नतिजा घोषणा गर्नुभएको थियो। कार्यक्रममा विद्यार्थीहरूले सांस्कृतिक प्रस्तुति पनि प्रदर्शन गरेका थिए।

# मार्तडीमा मर्मत भएनन् सोलार बत्ती

बाजुरा, २४ चैत (रासस)। बाजुराको बडीमालिका नगरपालिकाको बजार क्षेत्रमा जडान गरिएका सोलार (सौर्य) बत्ती दुई वर्षदेखि मर्मत हुन सकेका छैनन्। बिग्रिएका सोलार बत्ती नगरपालिकाले मर्मत नगर्दा हाल प्रयोगविहीन अवस्थामा छन्।

मार्तडी बजार क्षेत्रमा रातिको समयमा आवतजावतमा सहजताका लागि मालिका माध्यमिक विद्यालयदेखि जिल्ला अस्पताल, खुलामञ्चदेखि गौडाडिलसम्म र खुलामञ्चदेखि चैडिलसम्मको क्षेत्रमा सोलार बत्ती जडान गरिएका थिए। बिग्रेका बत्ती मर्मत गर्न नगरपालिकाले चासो देखाएको छैन। विसं २०७४ मा स्थानीय तहले लाखौं रूपैयाँ खर्च गरेर सोलार बत्ती जडान गरेको हो।

"रातिको समयमा दुर्घटनाको जोखिम बढेको छ", स्थानीय उर्मिला रोकायाले भन्नुभयो। मार्तडी बजारको सडकको छेउमा सोलार बत्ती निर्माण गर्ने अभियानसहित बडीमालिका नगरपालिकादेखि गौंडाडिल, लोकतान्त्रिक चोक हुँदै डिभिजन वन कार्यालय र मालिका मन्दिरको चैतडिलसम्म सौर्यबत्ती जडान गरी प्रयोगमा ल्याएको थियो।

सदरमुकाम मार्तडी बजारलाई सौर्यबत्तीले झिलीमिली र बजारको प्रत्येक ठाउँमा राख्ने भनिएका सीसी क्यामरा पालिकाको नीति तथा कार्यक्रममा मात्र सीमित छ। स्थानीय तहले सोलार बत्ती मर्मत कार्यमा ध्यान नदिएको स्थानीय हर्कबहादुर थापाले बताउनुभयो।

नगर उपप्रमुख नन्दा थापाले सोलार बत्ती मर्मतका लागि गत आर्थिक वर्षमा बजेट अभाव भएको बताउनुभयो। उहाँले चालू आर्थिक वर्षभित्रै सोलार बत्ती मर्मत गरिने बताउनुभयो। पालिकामा प्रमुख प्रशासकीय अधिकृत केही समय अन्यत्र सरुवा हुँदा कामा बाधा पुगेको उपप्रमुख थापाको भनाइ छ।

। सम्पादकीय ।

# भागबन्डा नमिले ठाकठुक र मिलेपछि थामथुम !

सत्ताको भागबन्डा र आर्थिक लेनदेन नमिलुञ्जेल ठाकठुक र मिलेपछि थामथुम गर्ने शासक र ठुला दलका नेताहरूको चरित्रकला देखेर नेपाली जनता वाक्कदिक्क भएका छन् । देशको विकास गरेर जनताको जीवनस्तर उठाउने, देशलाई आत्मनिर्भर बनाउनेभन्दा हरेक क्षेत्रमा विदेशीको मुख ताक्ने शासकहरूको प्रवृत्तिले गर्दा शासक दलका मन्त्री, सांसद, सरकारी निकाय उच्चपदस्थ व्यक्तिहरू विभिन्न अनियमित काण्डमा मुछिएका छन्; मुछिरहेको समाचार प्रकाशमा आइरहेको छ । ठुला र शासक दलका नेता तथा उच्चपदस्थ व्यक्तिहरू भ्रष्टाचार र अनियमिततामा फसेको घटनाक्रमले तिनीहरू देश र जनताप्रति प्रतिबद्ध नभएको र देश र जनताको सेवामा चासो नभएको थाहा हुन्छ । आयस्रोत बढाएर आत्मनिर्भर बनाउनुभन्दा जसरी भए पनि देशको सम्पत्तिमा रजाइँ गरेर देशलाई खोक्रो बनाउने काम चाल पाइकन या नपाइकन शासकहरूले गरिरहेका छन् । नेता, मन्त्री, सांसद र उच्चपदस्थ व्यक्तिहरूको आय आर्जनमा परिवर्तन गर्न अघि सरेर देश डुबाउने, देश डुबाउन सघाउने ती भ्रष्टमतिका व्यक्तिहरूलाई समाजमा उदाङ्गो पार्नुपर्छ । तिनीहरूको संरक्षण गर्ने दलका नेताहरूको विरोध गर्नुपर्छ ।

देशमा गलत कार्य गरेर बिगार्ने, गलत राजनीति गरेर समाज र जनता भड्काउने, देश र जनताको पक्षमा होइन दलगत र व्यक्तिगत स्वार्थ पूरा गर्न तँछाडमछाड गर्ने प्रवृत्ति अन्त्य गर्न देशमा स्वच्छ राजनीतिको आवश्यकता छ; सिद्धान्त र विचारको राजनीति आवश्यक छ । सत्ता र शक्तिको लागि जुनसुकै बेला जुनसुकै दलसँग मिल्ने र स्वार्थ पूरा नहुने भएपछि बाझाबाझ गर्ने या छुट्ने राजनीतिक चरित्र बोकेका सत्तासीन दलका नेताहरूले देशको मुहार फेर्दैनन्; देशलाई आत्मनिर्भर बनाउँदैनन् । यही कारण आज देशको राजनीतिमा भाँडभैलो भइरहेको छ । सरकार टिकाउन र फेरि ढाल्न भइरहेको ठुला दलका नेताहरूको भेटघाटले सरकार टिक्ने या नटिक्ने विषयमा शङ्का उब्जाएको छ ।

सत्तामा सामेल हुन पाएपछि एकाएक ठीक हुने र सत्ता बाहिर रहेपछि बेठीक हुने नेताहरूको अस्थिर मन, अस्थिर विचार र अस्थिर अडानले शासकहरूमा विश्वासको सङ्कट देखिएको हो; तिनीहरूको राजनीतिक चरित्रमा दाग लागेको हो । गणतन्त्रलाई संस्थागत गर्दै प्रजातन्त्रलाई जीवनपद्धतिको रूपमा विकास गर्नुको सट्टा प्रजातन्त्र र गणतन्त्रकै बदनाम गर्न प्रजातन्त्रवादी गणतन्त्रवादी र सङ्घीयतावादीहरू लागिरहेका छन् । नकच्चरोलाई लाज हुँदैन भनेझैँ आफ्नो राजनीतिक चरित्र छोडेर इज्जत र प्रतिष्ठामा आघात पुर्‍याएर राजनीति गर्ने ती शासक र ठुला दलका नेताहरूप्रति जनताले विश्वास गर्ने कुनै आधार देखिएको छैन । दल ठुलो बनाउन एकले अर्काको खुट्टा तान्ने, भड्काउने, लोभलालच देखाउने, झूटो कुरा फलाकेर जनतालाई अन्योल बनाउने काममा शासकहरू लागेका छन् । देश र जनताको सेवा गर्न प्रतिस्पर्धा गर्नुपर्ने शासकहरू भड्काउने र भ्रम फैलाउनेतर्फ लाग्ने नेताहरू कसरी स्वच्छ छविका हुन्छन् ? उनीहरू देश र जनताका सही नेता कसरी हुन्छन् ? अवसरवादी, जालीफटाहा, साम्प्रदायिक भावना फैलाउने सङ्कीर्ण विचारमा सीमित नेताहरूको विचार नै परिवर्तन गर्नुपर्ने आवश्यकता छ ।

शासकहरू सत्तामुखी र पैसामुखी राजनीतिमा केन्द्रित भएको कारण सर्वसाधारण नेपाली जनताले मात्र होइन सहयोग गर्ने विदेशी दातृ राष्ट्रहरूले पनि नेपाल सरकारलाई विश्वास गर्न छोडेका छन् । शनिबार प्रकाशित 'कान्तिपुर' दैनिकमा 'बोले जति लगानी किन आउँदैन ?' भन्ने शीर्षकको समाचार प्रकाशित भयो । समाचारमा पहिलो लगानी सम्मेलन २०१७ मा साढे १४ खर्ब लगानीको आशय व्यक्त गरिएकोमा ३ खर्ब ३५ करोड ४० लाख भित्रिएको उल्लेख छ । दोस्रो लगानी सम्मेलन २०१९ मा १७ खर्ब रूपैयाँ प्रतिबद्धता गरिएकोमा १ अर्ब १८ करोड रूपैयाँ भित्रिएको समाचारमा उल्लेख छ । के यो सरकारले दातृ राष्ट्रहरूलाई विश्वास दिलाउन नसकेको होइन ? यसरी शासक दलका नेताहरूमा देश विदेशबाटै विश्वासको खाडल गहिरिँदै गएको छ । गरेका प्रतिबद्धता लागु नगर्ने, भएको काममा व्यापक चुहावट हुने, विकासभन्दा बाँडीचुँडी खाने, बाँडीचुँडी खान पाए । हजोको शत्रु आज नभई नहुने मित्र हुने घटनाक्रमले पनि शासकहरू जनताको माझमा घृणित बनेका हुन् । यो देशको लागि दुर्भाग्य हो ।

# सीआइए र एमआइ-६ ले कसरी खडा गरे इजइज

✍ किट क्लारेनबर्ग

मार्च २२ को दिन रुसको राजधानी मस्कोको क्रोकस सभा भवनमा गोलीबारी भयो । १३७ निर्दोष मानिसको मृत्यु भयो भने ६० जना गम्भीर घाइते भए । गोलीबारी भएको २४ घण्टा पनि नबित्दै अमेरिकी अधिकारीहरूले त्यो साङ्घातिक हमलाको दोष 'इजइज-के' नामक सङ्गठनलाई लगाए । यो इस्लामी लडाकु दस्ता 'दाएस' को दक्षिण-मध्य एसियाली शाखा हो । (OhOh (ISIS) लाई अरबी भाषामा दाएस भनिन्छ ।) दोषीको नाम स्पष्ट बताइएको हुनाले धेरैले शङ्काका आँखाले हेर्न थाले । वासिङटनले युरोप-अमेरिकाका जनता र रुसी सरकारको ध्यान मोड्न खोज्यो । किनभने, उनीहरूले हमलाकारीहरूलाई युक्रेन र खुफिया काममा युक्रेनलाई सघाइरहेको बेलायतमा खोज्ने निश्चित थियो ।

गोली हान्ने ती चारजनालाई भर्ती गर्ने, निर्देशन, हतियार र खर्च दिने काम कसले गरेको थियो भन्ने विषयमा स्पष्ट विवरण आउन बाँकी छ । यी महत्त्वपूर्ण सूचना निकाल्न तिनीहरूलाई निर्ममतापूर्वक केरकार गरिनेमा शङ्का गर्नुपर्दैन । चरम यातनाका कारण ती हत्याराहरूले झूटो बयान दिन पनि सक्छन् । त्यो राक्षसी कर्ममा वास्तवमै आफूलाई कसले भर्ती गरेको थियो भन्ने कुराको जानकारी तिनलाई नहुन पनि सक्छ ।

दाएस धार्मिक चरमपन्थी सोचले चल्छ भन्ने मूलधारे चित्रण छ । यसको विपरीत दाएस खेलको गोटी मात्र हो । दाएसले जहिल्यै अन्तर्राष्ट्रिय दाताहरूको लागि साझा स्वार्थको लागि काम गर्दै आएको छ । त्यसका लडाकुहरूले जेलिएको बाटो हुँदै पैसा, हतियार र आदेश पाउँछन् । सो समूहले आफ्नो संलग्नता दाबी गर्ने हमलाका वास्तविक हमलाकारी तथा त्यो हमलाका योजनाकार र दाताबिच धेरै लामो कडी हुन्छ । त्यो कडी ठाउँठाउँमा चुँडिएको हुन्छ ।

आजभोलि 'इजइज-के' चीन, इरान र रुसविरुद्ध सक्रिय छ । अर्को शब्दमा 'इजइज-के' अमेरिकी साम्राज्यका मुख्य शत्रुविरुद्ध खनिँदै छ । यति बुझेपछि दाएसको उत्पत्ति केलाउन आवश्यक हुन जान्छ । एक दशकअघि अकस्मात देखापरेको इजइज धेरै वर्षसम्म मूलधारका मिडिया र पश्चिमा जनमानसभरि छायो र अचानक गायब पनि भयो । कुनै बेला यसले इराक र सिरियाको ठूलो भूभाग कब्जा गरेर 'इस्लामी राज्य' घोषणा गरेको थियो । दाएसले आफ्नै मुद्रा, पासपोर्ट र गाडीको नम्बर प्लेट जारी गरेको थियो ।

संरा अमेरिका र रुसले छुट्टाछुट्टै गरेको विनाशकारी सैन्य हस्तक्षेपले सन् २०१७ मा दाएसको त्यो दानवी संरचना नस्ट भएको थियो । त्यो देखेर अमेरिकी गुप्तचर निकाय सिआइए र बेलायती गुप्तचर निकाय एमआइ-६ ले पक्कै पनि चैनको सास फेरे । त्यसपछि दाएसबारे उब्जिरहेका सबैखाले शङ्का-उपशङ्का एकाएक अलप भए । निश्चिय नै सुनसान रातमा अकस्मात् चट्याङ परेजस्तो दाएस जन्मेको थिएन । बरु लन्डन र वासिङटनमा तयार भएको सुनियोजित नीतिअनुसार त्यसको स्थापना भएको थियो । त्यो नीति कार्यान्वयन गरेका थिए दुवै देशका गुप्तचर निकायले । यसबारे हामी विस्तारपूर्वक चर्चा गर्छौं ।


**'हिंसाको निरन्तरता'**

'रान्ड' वासिङटनमा मुख्यालय भएको अत्यन्त प्रभावशाली 'थिङ्क ट्याङ्क' समूह हो । पेन्टागन र अमेरिकाका अन्य सरकारी निकायले यसलाई प्रतिवर्ष झन्डै १० करोड डलर दिँदै आएका छन् । बदलामा 'रान्ड' ले निरन्तर राष्ट्रिय सुरक्षा, विदेश मामिला, सैन्य रणनीति तथा गोप्य-खुला कारबाहीजस्ता विषयमा सरकारलाई सल्लाह-सुझाव दिँदै आएको छ । यी सुझाव प्रायः नीतिको रूपमा लागु हुन्छ ।

२०१६ जुलाइको रिपोर्टमा 'रान्ड' ले 'चीनसँगको युद्ध' को सम्भावनाबारे उल्लेख गर्‍यो । सो रिपोर्टअनुसार पेइचिङसँग 'गरम' द्वन्द्व गर्नुभन्दा अगाडि पूर्वी युरोपलाई अमेरिकी सिपाहीहरूले भर्नुपर्नेछ किनभने यस्तो विवाद भए छिमेकी र मित्रका रूपमा निश्चय नै रुसले चीनको पक्ष लिनेछ । यसकारण रुसी सेनालाई उसको पश्चिमी सीमामा व्यस्त राख्न जरुरी हुन्छ । उक्त रिपोर्ट प्रकाशित भएको ६ महिनापछि नेटोको सैनिक टोली 'रुसी आक्रामकता' लाई रोक्ने नाउँमा पूर्वी युरोपमा गयो । त्यसैगरी २०१९ अप्रिलमा 'रान्ड' ले 'रुसको विस्तार' नामक रिपोर्ट छाप्यो । रिपोर्टमा 'रुसलाई अचाक्ली विस्तार गराउन चारो हाल्न' सकिने 'सम्भावित उपायहरू' को चर्चा गरिएको थियो । यी उपायबाट रुसी 'शासनतन्त्रको स्थीरता डग्मगाउन' सकिने अपेक्षा गरिएको थियो । यी उपायमध्ये केही यस्ता थिए - युक्रेनलाई घातक हतियार दिने, सिरियाली विद्रोहीहरूलाई अमेरिकाले दिँदै आएको सहायता बढाउने, 'बेलारुसमा सत्तापरिवर्तन गराउन' प्रयास गर्ने, ककेसस क्षेत्रको 'तनाव' लाई उपयोग गर्ने, 'मध्य एसियामा रुसी प्रभाव' र मोल्डोभामा शून्यमा झार्ने । रिपोर्ट प्रकाशित भएपछि एकएक पाइला गर्दै यी सबै उपाय अवलम्बन गरियो ।

यस सन्दर्भमा २००८ नोभेम्बरमा 'रान्ड' ले प्रकाशित गरेको 'दीर्घकालीन युद्धको बाटो' पठनयोग्य छ । रिपोर्टमा सोही महिना बग्दाद र वासिङटनबिच भएको फिर्ता सम्झौतापछि गठबन्धन देशका सबै सेनाले औपचारिकरूपमा इराक छोडेपछि पनि अमेरिकाको 'आतङ्कवादविरोधी विश्वव्यापी युद्ध' लाई कसरी अगाडि लग्न सकिन्छ भनी चर्चा गरिएको थियो । यो घटनाक्रमले पर्सियाली खाडीको तेल र ग्यासमाथिको पश्चिमा दबदबा खतरामा पर्ने निश्चित थियो । इराकमाथिको कब्जा औपचारिकरूपमा टुङ्गिएपछि पनि त्यो तेल र ग्यास 'रणनीतिक प्राथमिकता' बाट हट्नेवाला थिएन ।

'रान्ड' ले घोषणा गर्‍यो, "यो प्राथमिकता र दीर्घकालीन युद्ध आपसमा ठोक्किरहनेछन् ।" इराकमा अमेरिकी वर्चस्व कायम राख्न 'रान्ड' ले 'फुटाउ र शासन गर' को नीति प्रस्ताव गर्‍यो किनभने पश्चिमा सेना फिर्ता भएपछि इराकमा खेल्नका लागि ठूला शक्ति नहुने निश्चित थियो । आफ्नै सुरले वासिङटनले 'इराकभित्र रहेका विभिन्न सालाफी-जिहानी समूहहरूलाई आपसमा भिडाएर र आन्तरिक द्वन्द्वमा तिनको शक्ति क्षीण बनाएर बिचमा' खेल्ने भयो । अर्कोतिर उसले 'निरन्तर उद्दण्डता देखाइरहने इरानविरुद्ध इराकको आधिकारिक सुन्नी सरकारलाई साथ दिने' भयो । 'रान्ड' ले लेख्यो - "यो रणनीति भारी मात्रामा गोप्य कारबाही, सूचना चलखेल, अत्याधुनिक युद्धकला तथा स्थानीय सुरक्षा निकायलाई दिइने मद्दतमाथि निर्भर हुनेछ । स्थानीय जनताको आँखामा विदेशी जिहादी समूहहरूलाई बदनाम बनाउन संरा अमेरिका र उसका स्थानीय मित्रहरूले छद्म अभियानहरू चलाउन राष्ट्रवादी जिहादीहरूलाई प्रयोग गर्न सक्छन् । यस भेगमा अमेरिकाले पूरै ध्यान लगाउन नभ्याउँदासम्म यसरी सजिलै समय कटाउन सकिन्छ । मुसलमान संसारमा चलिरहेको शिया सशक्तीकरण आन्दोलनविरुद्ध रुढीवादी सुन्नी सत्ताको पक्ष लिएर अमेरिकी अगुवाहरूले शिया र सुन्नी समुदायबिचको पुरानो द्वन्द्वलाई पनि उपयोग गर्न सक्छन् ।"




**'ठुलो खतरा'**

यसरी सीआइए र एमआइ-६ ले पश्चिम एसियाभरि 'राष्ट्रवादी जिहादीहरू' लाई सघाउन थाल्यो । अर्को वर्ष विशाल ग्यासको भण्डारलाई सिधै युरोप पुर्‍याउनको लागि बाटो दिन कतारले राखेको प्रस्तावलाई सिरियाका बसर अल असादले अस्वीकार गरे । १५ सय किलोमिटर लामो त्यो पाइपलाइनलाई साउदी अरब, जोर्डन, सिरिया र टर्की हुँदै लगिने र त्यसको निर्माणमा १० अर्ब डलर खर्च हुने अनुमान थियो । विकिलिक्सले बाहिर ल्याएका कूटनीतिक पत्राचारहरूबाट खुलेको कुरा के भने असादले नमानेपछि संरा अमेरिका, इजरायल र साउदी अरबका गुप्तचर निकायहरूले लगत्तै स्थानीय विद्रोही जन्माएर असादलाई सत्ताच्युत गर्ने निर्णय गरे र त्यसका लागि सरकारविरोधी समूहहरूमाथि पैसा खन्याउन थाले ।

बेलायती गुप्तचर निकाय एमआइ-६ ले हतियारधारी अतिवादी लडाकुहरूलाई लिबियाबाट सिरिया लगेपछि सन् २०११ अक्टोबरमा यो कामले झन् तीव्रता पायो । मुअमर गद्दाफीको हत्यालाई प्रत्यक्ष प्रसारण गरेपछि ती अतिवादीहरू सिरियातिर लागेका थिए । सिरियामा तिनको गतिविधि सीआइएको संरक्षणमा अघि बढ्यो । यो चलखेललाई अमेरिकी संसद्बाट लुकाउनका लागि बेलायतलाई अगाडि राखेर सँगसँगै काम गराइएको थियो । २०१३ जूनमा गएर मात्र तत्कालीन अमेरिकी राष्ट्रपति बाराक ओबामाले ती गतिविधिमा औपचारिक लालमोहर लगाएका थिए । यसपछि दमास्कसमा रहेका सीआइएका गुप्त तानाबानाले आधिकारिकता पाएका थिए । पछि ती चलखेललाई 'टिम्बर सिन्ड्रोम' नाम दिएर स्वीकार गरिएको थियो ।

यसबेला पश्चिमा अधिकारीहरूले सिरियाका आफ्ना छद्म गिरोहहरूलाई खुलेरै 'नरम विद्रोही' भने । यद्यपि बेलायतको पेटबाट आफूले जन्माएका यी लडाकुहरू खतरानाक अतिवादी हुन् र तिनीहरू आफूले कब्जा गरेको भूभागमा एउटा अलग्गै चरमपन्थी राज्य स्थापना गर्न चाहन्छन् भन्ने वासिङटनलाई हेक्का थियो । सूचना स्वतन्त्रता कानुनअनुसार २०१२ अगस्टमा अमेरिकी प्रतिरक्षा गुप्तचर निकाय (डीआइए) को प्रतिवेदन प्रकाशित भयो । त्यसमा बग्दादको घटनाक्रमले 'प्रस्ट गुटगत दिशा लिएको' र चरमपन्थी सालाफी समूहहरू नै 'सिरियाको विद्रोहमा मुख्य चालक शक्ति रहेको' उल्लेख थियो । यी गुटहरूमा अल-कायदाको इराकी शाखा (एक्युआई) र उसको छाता सङ्गठन 'इराकको इस्लामी राज्य' (आइएसआइ) थिए । यी दुवै मिलेर 'दाएस' को स्थापना गरे । 'डीआइए' को रिपोर्टमा यो एकीकरणको पूर्वानुमान मात्र होइन अनुमोदन नै गरिएको थियो । त्यसमा लेखिएको थियो - "परिस्थिति यसरी नै अघि बढे पूर्वी सिरियामा घोषित वा अघोषित सालाफी प्रदेशको स्थापना हुने सम्भावना छ । सिरियाली सत्तालाई एक्ल्याउन विरोधी समूहहरूलाई सघाइरहेका शक्तिहरूले चाहेकै यही हो । 'आइएसआइ' ले इराक र सिरियामा रहेका अन्य आतङ्कवादी सङ्गठनहरूसँग मिलेर इस्लामी राज्यको घोषणा गर्न पनि सक्छन् । त्यसले ठूलो खतरा निम्तिनेछ ।"

यति गहिरो चासो लिइरहे पनि अमेरिकी गुप्तचर निकाय सिआइएले धमाधम सिरियाका 'नरम विद्रोहीहरू' लाई जहाजभरि हतियार र पैसा पठाइरह्यो । त्यो 'सहायता' सिधै दाएसको हातमा जानेछ भन्ने कुरा उसलाई राम्रै थाहा थियो । यतिले नपुगेर बेलायतले समानान्तर गतिमा ती विद्रोही अर्धसैन्य लडाकुहरूलाई हत्याकला सिकाउन लाखौं डलर खर्च गरेर गोप्य तालिमहरू सञ्चालन गर्‍यो । उसले घाइते जिहादीहरूको औषधि-उपचारमा पनि सघाइरह्यो । लन्डनले कतारमा किनेका एम्बुलेन्सहरू ती हतियारधारी समूहलाई दान गर्‍यो ।

चोरबाटो हुँदै बाहिरिएका दस्ताबेजहरूबाट के खुलेको छ भने बेलायती गुप्तचर निकायका उच्च अधिकारीहरू आफूले दान गरेका उपकरण र तालिम दिएका लडाकुहरू पश्चिम एसियामा सक्रिय अल-नूस्र, दाएसलगायत अतिवादी समूहहरूको पोल्टामा जाने जोखिमबारे राम्रै जानकार थिए । तैपनि यो जोखिम घटाउन कुनै सुसङ्गत पाइला चालिएन र अवैध तालिमहरू निर्बाध चालु रहे । अर्को शब्दमा दाएसलाई तालिम र हतियार दिनु बेलायती गुप्तचर निकायको चाहना थियो ।

*(एमआर अनलाइनबाट । सम्यक)*

v08–$

# ;/«f cd]l/sL k|zf;gsf]clwgfos jfbL cEof;x¿

दोस्रो विश्वयुद्धपछिको अन्तर्राष्ट्रिय आर्थिक व्यवस्थाको महत्त्वपूर्ण निर्माता र बहुपक्षीय व्यापारिक साम्राज्यको प्रमुख सहभागीका हिसाबले संरा अमेरिकाले बहुपक्षीय व्यापार नियमहरू हेर्ने र विश्व व्यापार सङ्गठनको विवाद समाधान प्रणालीमा रही यसका सदस्य राष्ट्रहरूबिच हुने व्यापारका सङ्घर्षहरू सही ढङ्गले समाधान गर्न नेतृत्व गर्नुपर्थ्यो । अन्तर्राष्ट्रिय समुदायसामु संरा अमेरिकी प्रशासनले यही अनुरोध गरेको थियो । तथापि, संरा अमेरिकी नयाँ प्रशासनले कार्यालय समालेयता 'अमेरिका पहिलो' जस्तो साँघुरो नीतिमा केन्द्रित रही एकपक्षीयवाद र आर्थिक अधिनायकवादको अभ्यास गऱ्यो । उसले अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई लत्यायो र विश्वभरि अन्तर्राष्ट्रिय व्यापार विवाद चर्कायो । संरा अमेरिकाको यस कदमले चीनलगायत अन्य मुलुकको अहितमात्र गरेन, संरा अमेरिकाकै अन्तर्राष्ट्रिय प्रतिष्ठा खतरामा पाऱ्यो र सबैभन्दा महत्त्वपूर्ण त यसले विश्व बहुपक्षीय व्यापार व्यवस्थाको जग नै हल्लाइदियो । अन्तत्वगत्वा, यसले संरा अमेरिकाको दीर्घकालीन स्वार्थमा आघात पुऱ्याउने निश्चित छ ।

**१. संरा अमेरिकाको आन्तरिक कानुनमा टेकेर एकपक्षीयरूपमा व्यापार सङ्घर्ष चर्काइयो**

औद्योगिक चोट र बौद्धिक सम्पत्ति अधिकार सुरक्षाको उद्धरण गर्दै संरा अमेरिकी प्रशासनले विश्व व्यापार सङ्गठनको विवाद समाधान प्रणाली पन्छाएर अन्तर्राष्ट्रिय व्यापार सङ्घर्ष चर्काइरहेको छ । यस्तो काम गर्न संरा अमेरिका आफ्नो आन्तरिक कानुनको हवाला दिँदै दफा २३२, दफा २०१ र दफा ३०१ अन्तर्गत अनुसन्धान गर्दै छ । यस्ता अनुसन्धानहरूमा प्रायः चुनिएका प्रमाणका आधारमा गलत निष्कर्ष निकालिन्छ । विश्व व्यापार सङ्गठनको आधिकारिकताबिना संरा अमेरिकाले गैरकानुनीरूपमा दण्ड दिने काम गर्दै छ । विश्व व्यापार सङ्गठनका अन्य सदस्य मुलुकहरूलाई चर्को भन्सार दर लाद्ने काम गर्दै छ जुन विश्व व्यापार सङ्गठनको सबैभन्दा आधारभूत तथा केन्द्रीय नियम र अनुशासनको गम्भीर उल्लङ्घन हो । संरा अमेरिकाले सबैभन्दा सहयोगी मुलुकको व्यवहार र भन्सार बाध्यकारी नीति लागु गर्दै छ । यस्तो एकपक्षीय कार्यले चीनलगायत विश्व व्यापार सङ्गठनको सदस्य राष्ट्रको हितमा आघात पुऱ्याउँछ । मुख्यतः यस्ता कदमले विश्व व्यापार सङ्गठनको अधिकार र उसको विवाद समाधान प्रणालीलाई कमजोर पार्छ, बहुपक्षीय व्यापार प्रणाली र अन्तर्राष्ट्रिय व्यापार सन्तुलनलाई ठूलो जोखिमतिर धकेल्छ ।

संरा अमेरिकी प्रशासनले आफ्नो व्यापार संरक्षणवादको निम्ति 'राष्ट्रिय सुरक्षा' को बहानामा धेरै मुलुकहरूको उत्पादनका विरुद्ध दफा २३२ अनुसार अनुसन्धान गऱ्यो । सन् २०१७ को अप्रिलमा आफ्नो व्यापार विस्तार ऐन १९६२ को दफा २३२ मा टेकेर संरा अमेरिकी प्रशासनले 'राष्ट्रिय सुरक्षा' को बहानामा चीनलगायत अन्य प्रमुख अर्थतन्त्रहरूको स्टिल तथा आल्मुनियम उत्पादनविरुद्ध अनुसन्धानको सुरुआत गऱ्यो । सन् २०१८ मार्चमा, यही एकपक्षीय अनुसन्धानको निष्कर्षको आधारमा संरा अमेरिकाले स्टिलमा २५ प्रतिशत र आल्मुनियममा १० प्रतिशत भन्सार दरको घोषणा गऱ्यो । जसको चौतर्फी विरोध र प्रतिकार भयो । सन् २०१८ अप्रिल ५ का दिन चीनले स्टिल र आल्मुनियमविरुद्धको संरा अमेरिकी दफा २३२ विरुद्ध विश्व व्यापार सङ्गठनमा मुद्दा दायर गऱ्यो । संरा अमेरिकाले आफ्नो नीतिलाई निरन्तरता दिँदै युरोपेली युनियनविरुद्ध पनि स्टिल र आल्मुनियममा जून १ बाट भन्सार दर बढाउने घोषणा गऱ्यो । युरोपेली युनियनले यसको प्रतिकार गऱ्यो र विश्व व्यापार सङ्गठनको नियम उल्लङ्घन गरेको आरोप लगाउँदै संरा अमेरिकाविरुद्ध विश्व व्यापार सङ्गठनमा अपिल गऱ्यो । युरोपेली व्यापार आयुक्त सिसिलिया माल्स्ट्रोम (Cecilia Maalmstrom) ले भने, "संरा अमेरिका 'खतरनाक खेल' खेल्दै छ र युरोपेली सङ्घ (EU) ले यसको प्रतिक्रिया नदिएमा गैरन्यायिक भन्सार स्वीकार्नुपर्ने हुन्छ ।" सन् २०१८ को अगस्टसम्ममा स्टिल र आल्मुनियममा लगाइएको दफा २३२ विरुद्ध नौ मुलुकले विश्व व्यापार सङ्गठनमा मुद्दा दायर गरे । सन् २०१८ जुलाईमा संरा अमेरिकी प्रशासनले 'राष्ट्रिय सुरक्षा' को नाममा आयात हुने साधन र पार्टपुर्जामा दफा २३२ अनुसार अर्को चरणको अनुसन्धान सुरु गऱ्यो ।

स्टिल र आल्मुनियम दुवै उत्पादनका आधारभूत कच्चा पदार्थ भएको र सवारी साधनहरू सामान्य उपभोग्य साधन भएको स्वतः पुष्टि हुन्छ । यसलाई 'राष्ट्रिय सुरक्षा' सँग जोडेर हेर्नु तर्कसङ्गत देखिँदैन । पिटरसन इन्स्टिच्युट फर इन्टरनेसनल इकोनोमिक्सका वरिष्ठ प्राज्ञ चाद बाउन (Chad Bown) का अनुसार संरा अमेरिकी सवारी साधन उत्पादन उद्योगहरूको क्षमता उपयोगको दर ८० प्रतिशतभन्दा उच्च छ र संरा अमेरिकामा सञ्चालित सवारी साधनको करिब ९८ प्रतिशत आयात युरोपियन युनियन, जापान, क्यानाडा, दक्षिण कोरिया र मेक्सिकोबाट हुन्छ । तसर्थ, सवारी साधनको आयातले संरा अमेरिकी सुरक्षामा खतरा हुन्छ भन्ने तर्कबाट थालिएको अनुसन्धान आधारहीन छ । संरा अमेरिकी प्रशासनले स्वेच्छाचारी ढङ्गले बढाएको राष्ट्रिय सुरक्षा दायराको न कुनै सैद्धान्तिक न त कुनै ऐतिहासिक तर्क छ । वास्तविकता त यो हो कि संरा अमेरिकी राष्ट्रपतिले केही कानुनका दफाहरूले दिएको कार्यकारी शक्तिको प्रयोग गर्दै व्यापार संरक्षणवादको अभ्यास गर्नु नियमित कानुनी प्रतिबन्धहरूलाई छल्नु हो ।

संरा अमेरिकाले विभिन्न मुलुकका उत्पादनविरुद्ध दफा २०१* अन्तर्गत अनुसन्धान गऱ्यो । सन् २०१७ मेमा आफ्नो व्यापार ऐन १९७४ को आधारमा टेकेर संरा अमेरिकाले आयातीत वासिङ मेसिन र सौर्य ऊर्जासम्बन्धी उत्पादनविरुद्ध दफा २०१ अनुसन्धानको थालनी गऱ्यो । सन् २०१८ जनवरीमा संरा अमेरिकाले वासिङ मेसिनमा तीन वर्षका लागि अधिकतम ५० प्रतिशतको भन्सार दर लगाउने र सौर्य ऊर्जाका उत्पादनमा चार वर्षका लागि अधिकतम ३० प्रतिशत भन्सार दर लगाउने निर्णय गऱ्यो । संरा अमेरिकाले सन् २००१ बाट दफा २०१ अन्तर्गत अनुसन्धान गरेको यो नै पहिलो पटक हो । दक्षिण कोरियाबाट संरा अमेरिका निर्यात हुने प्रमुख उत्पादन वासिङ मेसिन भएको कारण उसले परामर्शका निम्ति विश्व व्यापार सङ्गठनमा मे महिनामा निवेदन बुझायो र प्रतिवादस्वरूप संरा अमेरिकी केही सामग्री आयातमा दिँदै आएको भन्सार छुट स्थगन गऱ्यो । सन् २०१८ अगस्ट १४ का दिन चीनले सौर्य ऊर्जाका उत्पादनविरुद्ध संरा अमेरिकी दफा २०१ उपायहरूविरुद्ध विश्व व्यापार सङ्गठन विवाद समाधान प्रणालीमा मुद्दा दायर गऱ्यो ।

सन् २०१७ अगस्टमा संरा अमेरिकाले आफ्नो व्यापार ऐन १९७४ मा टेकेर चीनविरुद्ध दफा +३०१ अनुसन्धानको थालनी गऱ्यो । सन् २०१८ को जुलाई र अगस्टबाट करिब ५० अर्ब अमेरिकी डलर बराबरको चिनियाँ सामग्री अमेरिका निर्यातमा २५ प्रतिशत भन्सार दर लगायो र भन्सार दर बढाउने उपायको निरन्तरता दियो । सन् २०१८ सेप्टेम्बर २४ बाट संरा अमेरिकाले करिब २०० अर्ब अमेरिकी डलर बराबरको चिनियाँ सामग्री आयातमा १० प्रतिशत भन्सार दर लागु गऱ्यो । दफा ३०१ अनुसन्धान संरा अमेरिकी आन्तरिक कानुनमा उपलब्ध व्यापार अनुसन्धानको प्रावधान हो । यसले अन्य मुलुकलाई संरा अमेरिकी बौद्धिक सम्पत्ति मानक र बजार प्रवेश आवश्यकताहरू स्वीकार गर्न लगाउँछ वा प्रतिशोधपूर्ण व्यापार प्रतिबन्धको सामना गर्न बाध्य बनाउँछ । यस्तो अभ्यासलाई १९९० को दशकमा नै 'आक्रामक एकपक्षीयवाद' 'aggressive unilateralism' का रूपमा परिभाषित गरिएको थियो ।

ऐतिहासिक तथ्यले यस दफा ३०१ अनुसन्धानको थालनी निकै दुर्लभ भएको देखाउँछ । प्रायः मुद्दा परामर्शबाट समाधान गरिएका छन् । सन् २०१८ मार्चमा पिटरसन इन्स्टिच्युट फर इन्टरनेसनल इकोनोमिक्सद्वारा प्रकाशित प्रतिवेदनका अनुसार सन् १९७४ देखि अहिलेसम्म संरा अमेरिकी सरकारले १२२ बाट दफा ३०१ अनुसन्धानहरू गरिसकेको छ । तर, सन् २००१ देखि हालसम्म एउटामात्र नयाँ दफा ३०१ अनुसन्धान गरियो । सन् १९९४ मा संरा अमेरिकी सरकारले एक 'प्रशासनिक कारबाहीसम्बन्धी वक्तव्य' जारी गऱ्यो । जसमा उल्लेख थियो – अमेरिकी प्रशासनले दफा ३०१ अनुसन्धान विश्व व्यापार सङ्गठनका नियमहरूभित्र बसेरमात्र सञ्चालन गर्नेछ र संरा अमेरिकाले दफा ३०१ मा टेकेर प्रतिबन्ध लगाउन विश्व व्यापार सङ्गठनको विवाद समाधान प्रणाली (Dispute Settelement Body–DSB) बाट अनिवार्यरूपमा आधिकारिकता लिनेछ । सन् १९९८ मा युरोपेली समाजले दफा ३०१ विरुद्ध विश्व व्यापार सङ्गठनमा विवाद समाधान अङ्गमा मुद्दा दायर गऱ्यो । यस क्रममा अदालतले प्रारम्भिक अनुसन्धानबाट वैधानिक भाषाका आधारमा दफा ३०१ विश्व व्यापार सङ्गठनका नियमहरूसँग असङ्गत छ । संरा अमेरिकाले हाल भइरहेको चीनसँगको आफ्नो व्यापार सङ्घर्षका क्रममा दफा ३०१ अनुसन्धान बिउँतायो । विश्व व्यापार सङ्गठनको आधिकारिकताबिना नै चिनियाँ सामग्रीमाथि चर्को भन्सार दर लादेको छ । संरा अमेरिकाले यी कदममार्फत आफ्ना पुराना प्रतिबद्धताहरू स्पष्टरूपमा उल्लङ्घन गऱ्यो । यो पूर्णतः गैरकानुनी छ ।

**२. अन्य मुलुकका औद्योगिक नीतिविरुद्ध आधारहीन आरोपहरू**

बजार असफलतालाई सम्बोधन गर्न र सामाजिक सुरक्षाको सुधार गर्ने एउटा सशक्त हतियारको रूपमा रहेको औद्योगिक नीतिलाई विश्व व्यापार सङ्गठनका नियमहरूसँग तादात्म्य (Consistent) राख्ने हदसम्म आधारहीन आरोपहरू लगाइने विषय बनाइनु हुन्न ।

औद्योगिक नीति लागु गर्ने पहिलो मुलुक नै संरा अमेरिका हो । यस्ता नीतिहरूको प्रयोगलाई संरा अमेरिका खासै महत्त्व दिँदैन । तर, संरा अमेरिकी सरकारले औपचारिक व्यवस्थाले प्रत्याभूत गर्नेभन्दा निकै धेरै औद्योगिक नीतिहरू अपनाएको छ । नवीन खोजका निम्ति प्रोत्साहन र सरकारी खरिददेखि विशिष्ट क्षेत्र तथा कम्पनीलाई सहुलियतदेखि भन्सार संरक्षण तथा व्यापार सम्झौतासम्मका यस्ता औद्योगिक नीतिले संरा अमेरिकी उद्योगलाई प्रतिस्पर्धी शक्ति बनाउन प्रमुख भूमिका खेलेको देखिन्छ ।

उत्पादन क्षेत्रमा विश्व नेतृत्वदायी भूमिका बलियो बनाउन, संरा अमेरिकाले हालैका वर्षहरूमा ठूलो सङ्ख्यामा औद्योगिक नीतिको निर्माण गरेको छ । प्राविधिक आविष्कारिता सहुलियत र सरकारले खरिद गरिदिने नीति, विशेष क्षेत्र तथा कम्पनीहरूलाई सहायता, भन्सार संरक्षण तथा व्यापारिक समझदारीलगायतका औद्योगिक नीतिहरूले संरा अमेरिकी उद्योगहरू प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरेको छ । उत्पादनमा विश्वभरि आफ्नो नेतृत्वलाई बल पुऱ्याउन संरा अमेरिकाले धेरै औद्योगिक नीतिहरू अवलम्बन गरेको छ । एक्काइसौँ शताब्दी र विशेषगरी अन्तर्राष्ट्रिय आर्थिक मन्दिपछिको दशकमा संरा अमेरिकाले थुप्रै औद्योगिक नीति अपनायो । उदाहरणका लागि 'अमेरिकी निर्माण पुनर्जीवनका लागि रूपरेखा' (२००९), 'संरा अमेरिकी उत्पादन वृद्धि ऐन' (२०१०), 'अत्याधुनिक निर्माण उत्पादन साझेदारी' (२०११), 'उत्पादनमा पुनर्जागरण आर्थिक वृद्धिका लागि चार लक्ष्य' (२०११), 'आधुनिक उत्पादनका लागि राष्ट्रिय र रणनीतिक योजना' (२०१२), 'अमेरिकी नवीन खोजका निम्ति रणनीतिक प्रारम्भिक डिजाइन' (२०१३) आदि । यस्ता योजनाहरू प्रमुख क्षेत्रका लागि बनाइएका थिए । जस्तैः ग्रिड आधुनिकीकरण अगुवाइ (२०११), स्वच्छ ऊर्जा उत्पादन अगुवाइ (२०१३), संरा अमेरिकी रोबोटिक्सका लागि मार्गचित्र इन्टरनेटदेखि रोबोटिक्ससम्म (२०१३), धातुमा आधारित समष्टि (additive) उत्पादनका लागि नाप विज्ञान मार्गचित्र (२०१३), राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स अनुसन्धान तथा विकास रणनीतिक योजना (२०१६) र संरा अमेरिकी राष्ट्रिय मेसिन इन्टेलिजेन्स रणनीति (२०१८) आदि ।

अन्य नीतिहरू जस्तै यी नीतिहरूले पनि उत्पादनका लागि लगानी वृद्धि गर्न, केही उत्पादनको सरकारी खरिद वृद्धिका निम्ति निर्यात कम्पनीहरूलाई विश्व बजारमा विस्तार गर्न ऋण सहयोग दिन र उत्पादनका प्रमुख क्षेत्रहरूमा नवीन खोजका निम्ति लगानी जुटाउन सरकारी लगानी समायोजन तथा सुधार गर्ने विशिष्ट उपायहरू बोकेको छ ।

संरा अमेरिकाले आफ्नो औद्योगिक नीति बनाउँदै र बढावा दिँदै गर्दा अन्य मुलुकका जायज औद्योगिक नीतिविरुद्ध निराधार आरोपहरू लगायो । विश्व लगानी प्रतिवेदन २०१८ (UNCTAD) का अनुसार नयाँ औद्योगिक क्रान्तिका अवसर र चुनौतीको प्रतिक्रियास्वरूप कम्तीमा १०१ विकसित तथा विकासोन्मुख अर्थतन्त्रले (विश्व कुल गार्हस्थ उत्पादनको ९० प्रतिशतभन्दा धेरै) पछिल्लो १० वर्षमा औपचारिकरूपमा औद्योगिक विकास रणनीति लागु गरे । संरा अमेरिकाको आधुनिक निर्माणका लागि राष्ट्रिय रणनीति र अमेरिकी नवीन आविष्कारिता रणनीतिजस्ता नीति पत्रहरू (Policy Papers) र आफ्नो राष्ट्रिय परिस्थितिअनुरुप नै चीनले 'मेड इन चाइना २०२५' कार्यक्रम लागू गरेको हो ।

'मेड इन चाइना २०२५' एउटा परिचयात्मक पत्र हो जसले विकासको एउटा दृष्टिकोण, बजारकेन्द्रित, खुला र समावेशी खाकाको वर्णन गऱ्यो । चीन सरकारले मेड इन चाइना २०२५ लाई दुवै आन्तरिक र अन्तर्राष्ट्रिय लगानीलाई लागु हुने गरी खुला प्रणालीको व्यवस्था गऱ्यो । विभिन्न अवसरमा चिनियाँ नेताहरूले विदेशी कम्पनीलाई मेड इन चाइना २०२५ मा स्वागत गर्दै छन् । सन् २०१७ मा चीनको राज्य परिषद्ले खुलापनलाई विस्तार गर्ने उपायहरू उल्लेख गर्दै विदेशी लगानीलाई सक्रिय उपयोग गर्ने विषयमा सूचना जारी गरेको थियो । यस सूचनाले स्पष्ट पार्छ कि मेड इन चाइना २०२५ नीति दुवै विदेशी लगानीका कम्पनी र चिनियाँ कम्पनीहरूलाई बराबर लागु हुन्छ । यस पत्रमा विश्व व्यापार सङ्गठनका नियमहरूलाई कडाइका साथ अपनाइएको छ । नियमहरू कानुनी, पारदर्शी, निष्पक्ष र भेदभावरहित प्रकृतिका छन् । मेड इन चाइना २०२५ को कार्यान्वयनसँगै संरा अमेरिकी कम्पनीसहित धेरै विदेशी कम्पनीहरू यसमा सहभागी भएका छन् ।

**३. लामो हाते अधिकार क्षेत्र (long-arm jurisdiction) र संरा अमेरिकी आन्तरिक कानुनका आधारमा अन्य मुलुकविरुद्ध प्रतिबन्ध**


'लामो हाते अधिकार क्षेत्र' भन्नाले आफ्नो सिमानाभन्दा परसम्म आफ्नो पहुँच पुऱ्याउने अभ्यास र आफ्नो मुलुकको आन्तरिक कानुनका आधारमा विदेशी संस्थाहरूमाथि क्षेत्राधिकार लाद्ने अभ्यास हो । पछिल्ला वर्षहरूमा संरा अमेरिकाले नागरिक आर्थिक लगानी एकाधिकारविरोधी निर्यात नियन्त्रण र साइबर सुरक्षालगायत अनेक क्षेत्रमा बृहत् क्षेत्राधिकारको अभ्यास विस्तार गरेको छ । अन्तर्राष्ट्रिय मामिलामा संरा अमेरिकाले बारम्बार अन्य मुलुकका संस्था वा व्यक्तिहरूलाई संरा अमेरिकी आन्तरिक कानुनको पालना गर्न निर्देशन गऱ्यो । अन्यथा, उनीहरूले संरा अमेरिकी नागरिक, आपराधिक वा व्यापार प्रतिबन्धको सामना गर्नुपर्ने हुन्छ । उदाहरणका लागि निर्यात नियन्त्रणलाई लिन सकिन्छ । आफ्नो प्राविधिक प्रभुत्वलाई बलियो बनाउन अमेरिकाले लामो समयदेखि चौतर्फी निर्यात नियन्त्रण प्रणाली स्थापना गरेको छ । निर्यात नियन्त्रण ऐन, निर्यात प्रशासनिक नियमावली र अन्तर्राष्ट्रिय आपतकालीन आर्थिक शक्ति ऐनअन्तर्गत लाइसेन्स प्राप्त गर्न संरा अमेरिकी निर्यातकर्ताहरू वा निर्यात गर्ने प्रयोगकर्ताहरूले आवेदन दिनुपर्छ । विदेशी खरिदकर्ताहरूले पनि अन्तिम प्रयोग, अन्तिम प्रयोगकर्ताका रूपमा निषेधित नियमावली उल्लङ्घन गर्न पाइँदैन । अन्यथा उनीहरू पनि संरा अमेरिकाबाट आयात गर्न निषेधित संस्थाको सूचीमा पर्नेसम्मको सजायको भागिदार हुनेछन् । सन् २०१८ को अगस्ट १ सम्मको तथ्याङ्कअनुसार संरा अमेरिकी वाणिज्य विभागको यस्तो निषेधित सूचीमा संसारभरिका १,०१३ संस्था सूचिकृत भइसकेका छन् । यस्तो व्यवस्थाले संरा अमेरिकी संस्थासहित सम्बन्धित संस्थाहरूको हित प्रतिकूल मात्र नभई विकासोन्मुख मुलुकहरूको विकासको अधिकारलाई समेत खुम्च्यायो ।

संरा अमेरिका आफ्नो 'लामो हाते अधिकार क्षेत्र' लाई बलियो पार्न आफ्नो निर्यात नियन्त्रण कानुनहरू मिहीन ढङ्गले पुनरावलोकन र पुनर्लेखन गर्दै छ । सन् २०१८ अगस्ट १३ का दिन संरा अमेरिकी राष्ट्रपतिले राष्ट्रिय रक्षा प्राधिकार ऐन २०१९ मा हस्ताक्षर गरे जसको एक महत्त्वपूर्ण खण्ड निर्यात नियन्त्रण पुनःगठन ऐन (Export Control Reform Act – ECRA) हो । निर्यात नियन्त्रण पुनः गठन ऐनले विदेशी स्वामित्वमा रहेका कम्पनीहरूमाथिको नियन्त्रणलाई थप कसिलो बनाउनेछ, 'उदाउँदो तथा आधारभूत प्रविधि' माथिको नियन्त्रण थप बलियो बनाउनेछ र अन्तर–संस्था प्रक्रियालाई अनिवार्य बनाई कानुन लागु गर्ने क्षमता अभिवृद्धि गर्नेछ । भर्खरै संरा अमेरिकी वाणिज्य विभागको उद्योग ब्युरो (Bureau of Industry and security of the US Department of Commerce) ले ४४ ओटा चिनियाँ कम्पनीलाई 'संरा अमेरिकी राष्ट्रिय सुरक्षा वा विदेश नीति हितविपरीत कार्य गरेको' आरोपमा आफ्नो सङ्ख्या सूचीमा सूचिकृत गऱ्यो र वास्तवमा यो 'लामो हाते अधिकार क्षेत्र' को विस्तार एवम् विकास नै हो ।

**४. आन्तरिक मुद्दालाई अन्तर्राष्ट्रियकरण र आर्थिक तथा व्यापारिक मुद्दालाई राजनीतीकरण गर्दै**

हालको संरा अमेरिकी प्रशासन आफ्नो आन्तरिक राजनीतिक मुद्दाहरूको प्रतिक्रियामा आफ्ना आन्तरिक मुद्दाहरूलाई अन्तर्राष्ट्रियकरण गर्ने र आर्थिक तथा व्यापार मुद्दाहरूलाई राजनीतीकरण गर्दै आफ्ना आन्तरिक समस्याहरूको दोषारोप अन्य मुलुकलाई लगाउँदै छ ।

आफ्नो आन्तरिक नीति र संस्थागत कमजोरीका कारण भएको बेरोजगारीको दोष अन्तर्राष्ट्रिय व्यापारमाथि लगाइयो । संरा अमेरिकी प्रशासनले अन्य मुलुकमाथि 'अनुचित व्यापार गरेर आफ्नो रोजगारी खोसेको' आरोप लगायो । चीन–संरा अमेरिकी व्यापार घाटाको सबैभन्दा ठूलो स्रोतको रूपमा आक्षेप लगाउन पहिलो निशाना बनायो । तथापि, संयुक्त राष्ट्र सङ्घको सन् २००१ देखि २०१७ बिचको तथ्याङ्कअनुसार चीन–संरा अमेरिकाबिचको व्यापार ४.४ गुनाले विस्तार भयो भने संरा अमेरिकी बेरोजगारी ५.७ प्रतिशतबाट ४.१ मा झऱ्यो । विशेषतः चीनबाट संरा अमेरिकामा आपूर्ति सन् २००९ बाट आकासिएको हो र सोही अवधिमा संरा अमेरिकी बेरोजगारी घटेको देखिन्छ । संरा अमेरिकाले दाबी गरेको जस्तो सामान आयात र रोजगारी गुम्नुको सम्बन्ध अस्तित्वमा छैन । सन् २०१७ मा संरा अमेरिकी संसदीय अनुसन्धान सेवाले सार्वजनिक गरेको प्रतिवेदनका अनुसार २०१० देखि २०१५ बिचमा संरा अमेरिकी उत्पादन रोजगारी ६.८ प्रतिशतले बढेको छ जबकि सोही अवधिमा संरा अमेरिकामा चीनबाट सो क्षेत्रमा आयात ३२.४ प्रतिशतले बढेको छ ।




*स्रोत – संरा अमेरिकी वाणिज्य विभागको आर्थिक विश्लेषण ब्यूरो र श्रम विभाग*

***स्रोतः चीन संरा अमेरिका व्यापार युद्धबारे चीनको श्वेतपत्र***




दक्षिण अमेरिकी देश इक्वेडरको राजधानी क्विटोस्थित मेक्सिकोको राजदूतावासमा बलपूर्वक प्रवेश गर्दै इक्वेडरको सशस्त्र प्रहरी ५ अप्रिल २०२४ को साँझ । इक्वेडरका दक्षिणपन्थी राष्ट्रपति ड्यानियल नोबोआको प्रतिक्रियावादी सरकारले देशका पूर्वउपराष्ट्रपति तथा प्रगतिशील नागरिक आन्दोलनका नेता जर्ज ग्लासलाई पक्राउ गर्न अन्तर्राष्ट्रिय कानुन तोड्दै मेक्सिकोको सार्वभौमसत्ताको उल्लङ्घन गरेको हो । नेता ग्लासले मेक्सिकोको राजदूतावासमा केही दिनअघिदेखि राजनीतिक शरण लिई बसेका थिए ।

*तस्बिर : टेलेसुर*

# सुडानको भोकमरीविरूद्ध विश्व खाद्य कार्यक्रमको चेतावनी

खार्तुम, सुडान, २४ चैत (सिन्हवा) । संयुक्त राष्ट्रसङ्घीय विश्व खाद्य कार्यक्रम (डब्ल्यूएफपी) ले सुडानका जनताले सबै सम्भावित मानवीय कोरिडोरमार्फत सहायताको निरन्तर प्रवाह प्राप्त नगरेमा भोकमरीको सङ्कट अझ बढ्न सक्ने चेतावनी दिएको छ ।

डब्लूएफपीका सुडानस्थित प्रतिनिधि एडी रोवले भन्नुभयो "यस्तो कमजोर अवस्थामा सुडानभरी भोकमरी कुपोषणको अकल्पनीय अवस्थाको सामना गर्नुपर्ने देखिएको छ ।"

चाडबाट मानवीय कोरिडोरको अस्थायी रोक, चलिरहेको लडाइँ, मानवीय कार्गोका लागि लामो निकासी प्रक्रियालगायतका अवरोध र सुरक्षा खतराहरूले मानवतावादीलाई सुडानमा आधारभूत खाद्यान्नको आवश्यकता पूरा गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्न असम्भव बनाएको उहाँले उल्लेख गर्नुभयो ।

रोवले खाना ढुवानीको लागि सबै कोरिडोरहरू खुला रहनु पर्ने बताउँदै चाडको आड्रेदेखि पश्चिम डार्फर राज्यसम्म चरम भोकमरीको अवस्था रहेको बताउनुभयो ।

विश्व खाद्य कार्यक्रम र यसका साझेदारहरूलाई तत्काल सुरक्षा ग्यारेन्टी गरी डार्फर राज्यमा खाद्य आपूर्ति गर्नमा सहजता ल्याई अति समस्यामा परेका व्यक्तिलाई खाद्यान्न वितरण गर्न सकिने उहाँले बताउनुभयो ।

विश्व खाद्य कार्यक्रमले डार्फरमा अति आवश्यक खाद्यान्न र पोषण आपूर्ति कार्यक्रम पुर्‍याएको छ ।

उत्तर, पश्चिम र मध्य डार्फरमा तीव्र भोकमरीको सामना गरिरहेका करिब दुई लाख ५० हजार मानिसहरूका लागि खाना र पोषण सहायता बोकेका दुईवटा मालबाहक गाडी मार्चको अन्त्यमा चाडबाट डार्फरतर्फ सीमा पार गरेका थिए ।

सुडानी बन्दरगाहका अधिकारीहरूले फेब्रुअरीमा चाडबाट मानवीय कोरिडोर अनुमति रद्द गरेपछि यी मार्गहरू पुन: खोली लामो वार्तापछि डार्फर पुग्ने विश्व खाद्य कार्यक्रम सहयोगको यो पहिलो सीमापार प्रयास हो ।

संयुक्त राष्ट्रसङ्घका अनुसार सुडानको आधा जनसङ्ख्या, लगभग दुई करोड ५० लाख मानिसहरूलाई मानवीय सहायता र सुरक्षा चाहिन्छ । लगभग एक करोड ८० लाख मानिसहरूले तीव्र खाद्य असुरक्षाको सामना गरिरहेका छन् ।

सन् २०२३ अप्रिल १५ देखि सुडानी सशस्त्र बल र अर्धसैनिक बलहरूबिच हिंसात्मक टकरावको सामना सुडानले गरेको छ । यसको परिणामस्वरूप ६३ लाख आन्तरिकसहित लगभग ८१ लाख व्यक्तिहरू विस्थापित भएका छन् ।

मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसङ्घीय कार्यालयले मार्चमा दिएको प्रतिवेदनमा द्वन्द्वले लगभग १३ हजार नौ सयको ज्यान लिएको जनाएको छ ।

# अफगानिस्तानद्वारा पाकिस्तानलाई आप्रवासी समस्या समाधान गर्न आग्रह

काबुल (एनएनआई) २४ चैत । तालिबान सरकारका कार्यवाहक शरणार्थी तथा स्वदेश फिर्ता मामिला मन्त्रीले पाकिस्तानलाई अफगान आप्रवासीको मुद्दा द्विपक्षीय समझदारीसहित समाधान गर्न आग्रह गर्नुभएको छ ।

गत वर्षको नोभेम्बरदेखि पाँचलाख ३५ हजार अफगान आप्रवासीलाई निस्कासन गरेको पाकिस्तानले आगामी अप्रिल १० देखि अफगान आप्रवासीलाई फिर्ताहरूको निष्कासनको दोस्रो चरण सुरू गर्ने योजना बनाएको हो ।

अफगान-तालिबान आप्रवासी मन्त्रालयका अनुसार मन्त्रालयका सहायक अब्दुल रहमान रशीदले बिहीबार काबुलमा पाकिस्तानी दूतावासका उपप्रमुख जुनैद वजिरीसँगको बैठकमा यस्तो आग्रह गर्नुभएको थियो । राशिदले पाकिस्तानका कूटनीतिज्ञलाई आप्रवासनसम्बन्धी निर्णय द्विपक्षीय र दुई राष्ट्रको आपसी सम्झौताअनुसार निर्णय गर्नुपर्ने जानकारी दिनुभएको छ ।

काबुलको विदेश मन्त्रालयमा आयोजित विभिन्न राष्ट्रका राजदूत र प्रतिनिधिहरू उपस्थित कार्यक्रममा तालिबानका उपप्रधानमन्त्री अब्दुल सलाम हनाफीले १० लाखभन्दा बढी अफगान आप्रवासीहरूलाई बलपूर्वक तथा स्वेच्छाले छिमेकी देशहरूबाट हटाइएको घोषणा गर्नुभयो ।

यसै सन्दर्भमा एम्नेस्टी इन्टरनेसनलले स्वैच्छिक निर्णयले अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको उल्लङ्घन हुने जिकिर गर्दै पाकिस्तानबाट अफगान आप्रवासीहरूलाई निष्कासन गर्ने योजना तत्काल रद्द गर्न आह्वान गरेको छ ।

अफगान शरणार्थीहरूको निष्कासन योजना, शरणार्थी अन्तर्राष्ट्रिय मानव अधिकार तथा शरणार्थी कानुनविपरीत हुने पिडितहरूको भनाइ छ । उनीहरूका अनुसार तालिबान नियन्त्रित अफगानिस्तानमा निर्वासित भएमा अफगान शरणार्थीहरूलाई उत्पीडन, गम्भीर मानव अधिकार उल्लङ्घन पाकिस्तानी अधिकारीहरूले गरेको कठोर अवहेलना हृदयविदारक छ । यसैबिच निर्वासन रोक्न विश्वव्यापी आह्वानलाई ध्यान नदिई नवनिर्वाचित पाकिस्तानी सरकारले पनि अफगान नागरिक कार्ड (एसीसी) धारीलाई पनि निर्वासन अभियान विस्तार गरेको जेम्स जेनियनले दुखेसो गर्नुभएको छ ।

अफगान आप्रवासीहरूको निष्कासनको दोस्रो लहर सुरू हुनलाग्दा पाकिस्तानमा रहेका अफगान आप्रवासीहरू आफ्नो भविष्यका बारेमा चिन्तित छन् । पाकिस्तानी प्रहरीले अफगान आप्रवासीलाई हिरासतमा राखी दुर्व्यवहार गरेको विषयमा उनीहरूले आपत्ति जनाएका छन् ।

पाकिस्तानबाट कागजातविहीन अफगान आप्रवासीहरूलाई निष्कासन गर्ने पहिलो चरण सन् २०२३ को नोभेम्बरमा सुरू भएको थियो । यसैगरी स्वदेश फिर्ती योजनाको नाममा दोस्रो चरण आगामी अप्रिल १० देखि सुरू हुनेभएको छ । यसमा नागरिकता भएकाहरू पनि समावेश छन् ।

# इरानमा आइएस समूहका तीन संदिग्ध जिहादी पक्राउ

तेहरान (एएफपी) २४ चैत । इरानको प्रहरीले मुसलमानहरूको पवित्र महिना रमजानको अन्त्यमा आक्रमण गर्ने योजना बनाएका इस्लामिक स्टेट (आइएस) समूहका तीन सदिग्ध सदस्यलाई पक्राउ गरेको सरकारी मिडियाले शनिबार बताएको छ ।

आधिकारिक आइआरएनए समाचार एजेन्सीका अनुसार उत्तरपश्चिमी प्रान्त अल्बोरेजको कारज सहरमा पक्राउ परेकाहरूमा मोहम्मद जकर पनि रहेका छन् । उनको पहिचान आइएस समूहको 'वरिष्ठ सदस्य' का रूपमा गरिएको थियो ।

"रमजान समारोहको अन्त्यमा आत्मघाती आक्रमण गर्ने योजना बनाइरहेका इस्लामिक स्टेट समूहका तीन सदस्यलाई अल्बोरेज प्रान्तको प्रहरीले पक्राउ गरेको छ", आइआरएनएले भनेको छ । पक्राउ कहिले गरिएको र पक्राउ पर्नेमा विदेशी नागरिक थिए वा थिएनन् भन्नेबारेमा तत्काल स्पष्ट भएको छैन ।

आइआरएनएले विस्तृत विवरण नखुलाई अन्य आठ 'सहयोगी' लाई पक्राउ गरिएको पनि जानकारी दिएको छ । स्थानीय सञ्चारमाध्यमहरूले मङ्गलबार पवित्र सहर कोममा दुई कथित आइएस सदस्य पक्राउ परेको बताएका छन् ।

आइएसले जनवरीमा ९० भन्दा धेरै व्यक्तिको ज्यान जाने गरी दक्षिणी इरानी सहर करमानमा भएको दोहोरो बम विस्फोटको जिम्मेवारी लिएको थियो । उक्त आक्रमण इराकमा अमेरिकी ड्रोन आक्रमणमा मारिएका शीर्ष रिभोल्युसनरी गार्डसका जनरल कासिम सुलेमानीको मृत्युको वार्षिकोत्सवमा आयोजित समारोहमा भएको थियो ।

इरानले वर्षौंदेखि जिहादी र अन्य आतङ्कवादी समूहहरूसँग लड्दै आएको छ । आइआरएनएले शनिबार पाकिस्तानसँगको सीमा नजिक जिहादीहरूले गरेको हालैको आक्रमणमा मारिएका 'सहिद' हरूको सङ्ख्या बढेर १६ पुगेको बताएको छ । मारिनेमा सबै सुरक्षा बलका सदस्य रहेका छन् ।

यसअघि सरकारी मिडियाले झडपमा १० सुरक्षाकर्मी र जैश अल-अदल जिहादी समूहका १८ सदस्य मारिएको बताएको थियो । सुन्नी मुस्लिम विद्रोही समूह जैश अल-अदलको स्थापना सन् २०१२ मा भएको थियो । उक्त समूहलाई इरान र अमेरिका दुवैले 'आतङ्कवादी' सङ्गठनका रूपमा सूचीकृत गरेका छन् ।

## विश्व सङ्क्षेप

# अमेरिका र चीनबिच 'सन्तुलित आर्थिक वृद्धि' का लागि वार्ता गर्ने सहमति

ग्वान्झाओ (एएफपी) २४ चैत । संयुक्त राज्य अमेरिका र चीनबिच 'सन्तुलित वृद्धिका लागि गहन आदानप्रदान' गर्न सहमति भएको छ ।

अमेरिकी अर्थमन्त्री जेनेट येलेन र उनका चिनियाँ समकक्षी हे लिफेङबिच ग्वान्झाओमा दुई दिनसम्म चलेको वार्तापछि अमेरिकी अर्थ मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "गत नोभेम्बरमा अमेरिकी राष्ट्रपति जो बाइडेन र सी चिनफिङबीच भएको भेटवार्तापछि विश्वका दुई प्रमुख अर्थतन्त्रबिचको चट्टानी सम्बन्धलाई स्थिर बनाउने संयुक्त प्रयासमा यो पछिल्लो कदम हो ।"

येलेनले शनिबार भएको एक कार्यक्रममा भन्नुभयो, "यी आदानप्रदानले समष्टिगत आर्थिक असन्तुलनको बारेमा छलफल गर्न मद्दत गर्नेछ । छलफलले चीनको क्षमताभन्दा बढी देखिएको विश्वव्यापी आपूर्ति नियन्त्रणबारे बहस चलाएको छ र म यसलाई अमेरिकी कामदार र फर्महरूको लागि समान अवसर सिर्जनाका लागि भएको छलफलका रूपमा व्याख्या गर्न चाहन्छु ।"

ताइवान र भिडियो एप टिकटकको पहुँचलाई लिएर वासिङ्टन र बेइजिङबिच तनाव थपिएको समय येलेनको चीन भ्रमण भएको हो ।

सन् २०२२ को फेब्रुअरीमा युक्रेनमा गरेको आक्रमणको बेइजिङले निन्दा नगरेको भन्दै रूसलाई चिनियाँ कम्पनीले युद्धका लागि सहयोग गरेमा 'महत्त्वपूर्ण परिणाम' भोग्नुपर्ने अमेरिकी अर्थमन्त्रीले चेतावनी दिनुभयो ।

अमेरिकी अर्थमन्त्री येलेनले भन्नुभयो, "रूसी रक्षा औद्योगिक आधारलाई समर्थन गरेमा यसबाट चीनले नराम्रो परिणाम व्यहोर्नुपर्ने हुन्छ । जनगणतन्त्र चीनमा रहेका हतियार उत्पादन कम्पनीसहित विश्वका अन्य कम्पनीहरूले युक्रेनविरूद्ध रूसको युद्धको लागि भौतिक समर्थन प्रदान गर्नुहुँदैन ।"

# फुकुशिमा आणविक ऊर्जा केन्द्रमा चुहावटपछि नयाँ प्लान्ट स्थापना गरिने

टोकियो, २० चैत (सिन्हवा) । फुकुशिमा आणविक ऊर्जा केन्द्रमा दूषित पानी चुहावटको कारण प्लान्टको सञ्चालक 'टोकियो इलेक्ट्रिक पावर कम्पनी' (टेप्को) ले रोकथामको लागि नयाँ विद्युतीय पावर प्लान्ट स्थापनाको योजना घोषणा गरेको छ ।

टेप्कोले केन्द्रमा देखिएको समस्या समाधानका लागि नयाँ पाइप तथा भेन्टिलेसन राखिने र निर्माण सोमबारबाट सुरू हुने उक्त कार्य मार्च अन्त्यसम्ममा सम्पन्न हुने बताएको छ ।

भवनमा दूषित पानीको उपचार गर्न प्रयोग गरिने सरलीकृत सक्रिय पानी प्रशोधन र पुन: प्राप्ति प्रणाली (एसएआरआरवाई) को लागि पाइपहरूको सफाइको क्रममा फेब्रुअरी ७ मा मानवीय त्रुटिका कारण धेरै द्वारहरू बन्द हुँदा चुहावट भएको प्लान्टबाट ६.६ अर्ब रेडियोधर्मी विकिरणसहितको करिब १.५ टन आणविक-दूषित पानी चुहावट भएको थियो ।

गत वर्ष अक्टोबरमा पनि आणविक प्लान्टमा समस्या आएको थियो जसका कारण पाँच जना कामदार रेडियोधर्मी पदार्थयुक्त तरल फोहोरको सङ्क्रमणबाट प्रभावित भएका थिए ।

पावर कम्पनी टेप्कोका अनुसार यस योजनामा दूषित पानी चुहावट भएको उच्च तापक्रम इन्सिनरेटर (फोहोर जलाउने भट्टी) भवनमा जडान गरिएको पाइप काट्ने र नयाँ पाइपहरू ठाडो दिशामा स्थापना गरिने भएको छ ।

पाइपहरूमा बग्ने पानीलाई भवन भित्रका प्लाष्टिकका भाँडा (कन्टेनर) हरूमा जम्मा गरी ढकनी लगाएर बन्द गरिएको जानकारी थियो । कन्टेनरहरूमा बाहिर पानी सङ्कलन गर्न र चुहावटलाई निगरानी गर्न क्यामेरा र डिटेक्टरहरू प्रयोग गरिने टेप्कोले बतायो ।

प्लान्टमा खर्च गरिएको आणविक इन्धन व्यवस्थापन गर्नका लागि बनाइएको परिमार्जन गर्न आणविक नियमन प्राधिकरणलाई स्वीकृतिको लागि टेप्कोले स्वीकृति दिएको छ ।

सन् २०२३ मा वातावरणीय समूह, गैर-सरकारी संस्था र आणविक विरोधी आन्दोलनको बारम्बार आपत्तिपछि जापानले प्रशान्त महासागरमा फोहोर पानी फाल्न छोडेको थियो ।

# पाकिस्तानमा बोरिङको पानी पिउँदा पाँच बालबालिकाको मृत्यु

पाकिस्तान, २४ चैत (एएनआई) । पाकिस्तानको सिन्ध प्रान्तको सङ्घर जिल्लामा बोरिङको दूषित पानी पिउँदा पाँच बालबालिकाको ज्यान गएको एआरवाई न्युजले शुक्रबार जनाएको छ ।

सङ्घरका उपायुक्तले सङ्घरको नजिकैको हाते पम्पबाट तानिएको दूषित पानीसेवन गर्दा चारदेखि आठ वर्ष उमेर समूहका पाँच जना बालबालिकाको मृत्यु भएको हो ।

एआरवाई न्यूजका अनुसार, विषाक्त पानी सेवनको घटना पछि तुरून्तै उनीहरूलाई अस्पतालमा लगिएको अधिकारीले जनाएका छन् । पानी सेवन गरेपछि उनीहरूले ज्वरो बान्तालगायतका असहजताको सामना गरेको उपचारको क्रममा बताएका थिए भने उनीहरूको उपचारको क्रममा अस्पतालमा मृत्यु भएको हो ।

घटनापछि स्वास्थ्य अधिकारीसहितको एक टोली पानीको परीक्षण गर्न उक्त गाउँमा पठाइएको थियो ।

जिल्ला स्वास्थ्य अधिकारीले पानीमा हानिकारक पदार्थ रहेको प्रमाणित गरेपछि कृषिका लागि चलनमा रहेको हातेपम्पसमेत बन्द गरिएको छ ।

# मध्यपुर नगरपालिका सहकारी ऐन २०७९ र सहकारी नियमावली २०८० एक चर्चा

✍ बालकृष्ण धोजु

**सङ्घीय ऐनमा स्पष्ट व्यवस्था भएको कुरा स्थानीय सरकारले पनि ऐन नियम जारी गर्दा कानुनी जटिलता थपिन्छ । सङ्घीय सहकारी ऐनका व्यवस्थाहरू मध्यपुर थिमि नगरपालिका आफैँ गर्छु भन्ने कुरा कति सहज होला ? सहकारी संस्थाको विकास र प्रवर्द्धनमा स्थानीय सरकारबाट गर्न सक्ने कतिपय राम्रा ऐन नियमको व्यवस्था मध्यपुर थिमि नगरपालिकाबाट हुने आशा गर्नु स्वाभाविक हो ।**

नेपालको संविधान, २०७२ ले सङ्घीय गणतन्त्र राज्य घोषणा गरेको छ । राज्यमा सङ्घ, प्रदेश र नगरपालिका गरी तीन सरकार रहेको छ । कार्यक्षेत्रभित्रका आधारमा तीनवटै सरकारले ऐन, कानुन तर्जुमा गर्न पाउने अधिकार प्रदान गरिएको छ । सहकारी सङ्घ, प्रदेश र नगरपालिकाको साझा अधिकार क्षेत्रभित्र पर्दछ । तसर्थ, तीनवटै सरकारबाट सहकारी ऐन र नियमावली जारी गर्नुपर्छ । सहरी क्षेत्र भए पनि मध्यपुर थिमि नगरपालिकाले सहकारी ऐन, २०७९ र सहकारी नियमावली, २०८० सालमा मात्र जारी गरेको छ । यस लेखमा मध्यपुर थिमि नगरपालिकाले तय गरेको महत्त्वाकाङ्क्षी सहकारी ऐन, २०७९ र सहकारी नियमावली, २०८० को बारेमा चर्चा गरिएको छ ।

सङ्घीय सहकारी ऐन र प्रदेश सहकारी ऐनमा नबाझिने गरी स्थानीय सहकारी ऐन बनाउने अभ्यास छ । तर, यस अभ्यासलाई चिर्दै ऐन बनाउने स्थानीय सरकारको स्वायत्त अधिकारको भरपुर प्रयोग गरी मध्यपुर थिमि न.पा.ले सहकारी ऐन र नियमावली जारी गरेको छ । सहकारी स्थानीय समुदायको हो । स्थानीय समुदायको सहकारीको दर्ता, नियमन र देखिएका समस्याका समाधान स्थानीय सरकारबाटै हुनुपर्छ भन्ने मान्यताका साथ मध्यपुर थिमि सहकारी ऐन र सहकारी नियमावली बनेको छ । यस कदमलाई स्थानीय ऐन, नियम तर्जुमा, सङ्घीयता परिपालनामा क्रान्तिकारी कदमको रूपमा लिन सकिन्छ । यस लेखमा सङ्घीय सहकारी ऐन भन्दा फरक व्यवस्थाका बारेमा समेत चर्चा गरिएको छ ।

**प्रस्तावना सम्बन्धमा**

मध्यपुर थिमि सहकारी ऐन, २०७९ को प्रस्तावनामा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउन ऐन बनाएको उल्लेख छ भने सङ्घीय सहकारी ऐनमा समाजवादउन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास गर्न सहकारी ऐन बनाएको उल्लेख छ ।

**कार्यक्षेत्र र सेवा केन्द्र सम्बन्धमा**

मध्यपुर थिमिभन्दा बढी कार्यक्षेत्र राखी सहकारी संस्था दर्ता गर्न र सेवा केन्द्र सञ्चालन गर्नको लागि सम्बन्धित वडाको सिफारिसमा नगरपालिकाको स्वीकृत लिनुपर्ने व्यवस्था ऐनको दफा १० मा गरेको छ । मध्यपुर थिमि नगरपालिको ऐन जारी हुन सञ्चालित सेवा केन्द्रहरूले ऐन जारी भएको मितिले तीन महिनाभित्र स्वीकृत लिनुपर्ने व्यवस्था गरेको छ ।

**विनियम र आन्तरिक कार्यविधि सम्बन्धमा**

सहकारी सङ्घ/संस्थाको विनियम र आन्तरिक कार्यविधि तर्जुमा वा संशोधन साधारण सभाबाट अनुमोदन गराउनुपर्ने व्यवस्था छ । सहकारीको संशोधित विनियम सम्बन्धित निकायबाट स्वीकृत गरेपछि मात्र लागु हुन्छ । मध्यपुर थिमि नगरपालिकाको सहकारी ऐनको दफा १९ उपदफा २ ले विनियम वा आन्तरिक कार्यविधि दर्ता गर्ने अधिकारीको स्वीकृत गरेपछि लागु हुने व्यवस्था गरेको छ । संस्थाको साधारणसभाले बचत तथा ऋण नीति संशोधन र प्रचलित कानुन पालना गर्नका लागि तत्काल जारी गर्नुपर्ने नीति जारी गरी लागू गर्ने अधिकार सञ्चालक समितिलाई प्रदान गर्न सकिने व्यवस्था ऐनको दफा १८ उपदफा २ मा गरेको छ । यस व्यवस्थाले प्रचलित कानुन वा अद्यावधिक सहकारी कानुनबमोजिम सहकारीको काम कारबाही गर्न सहकारी संस्थाको साधारण सभा र नगरपालिकाको स्वीकृति कुर्नुपर्ने व्यवस्थाको अन्त्य गरेको छ ।

**कालोसूचीसम्बन्धी व्यवस्था**

सङ्घीय सहकारी ऐन जारी भएको ६ वर्ष बितिसक्दा पनि सहकारीमा कालोसूचीको व्यवस्थासम्बन्धी कुनै पनि कानुन व्यवस्था भएको छैन । तर, मध्यपुर थिमि नगरपालिकाले सहकारी ऐन जारीसँगै सहकारी नियमावलीमार्फत सहकारीमा कालोसूचीसम्बन्धी कानुनी व्यवस्था गरेको छ । नियमावलीको नियम १७ ले संस्थामा ऋण लिई रकमको अपचलन गर्ने, तोकिएबमोजिम ऋणको किस्ता, सावाँ ब्याज फिर्ता नगर्ने सदस्यहरूको तीनपुस्ते विवरणसहित ऋणी सदस्यलाई कालोसूचीमा समावेश गर्न नगरपालिका सहकारी शाखामा सिफारिस गर्न सक्ने व्यवस्था गरेको छ । उक्त प्राप्त सिफारिस निवेदनको आधारमा नगरपालिका सहकारी शाखाबाट कालोसूचीमा समावेश गर्ने वा नगर्ने सम्बन्धमा १५ दिने म्याद दिई सम्बन्धित ऋणी सदस्यलाई सफाइको मौका दिइनेछ । तोकिएको म्यादभित्र सफाइ पेस हुन नआएमा त्यस्ता ऋणी सदस्यहरू नगरपालिकाको सहकारी शाखाले कालोसूचीमा समावेश गरी नगरका सबै वडा कार्यालयहरूमा जानकारी गराउने व्यवस्था गरेको छ । यसरी कालोसूचीमा सुचिकृत सहकारी संस्थाका ऋणी सदस्यहरूलाई नगरपालिका तथा त्यसअन्तर्गतका निकायहरूबाट सिफारिसलगायत कुनै पनि सेवा सुविधाबाट वञ्चित गर्ने नियमको दफा १७ उपनियम २ क) ले गरेको छ । कालोसूचीमा परेका व्यक्तिहरूलाई सम्बन्धित संस्थाको सिफारिसमा मात्र कालोसूचीबाट हटाउन सकिने व्यवस्था गरेको छ ।

**कर्जा सूचना केन्द्रसम्बन्धी व्यवस्था**

सङ्घीय सहकारी ऐनमा व्यवस्था भएको कर्जा सूचना केन्द्रको माग भएको धेरै भइसक्यो । तर, हालसम्म यसको कार्यविधि बन्न सकेको छैन । तर, मध्यपुर थिमि नगरपालिकाले सहकारी ऐनको दफा ६१ र नियमावलीको नियम १८ मार्फत कर्जा सूचना केन्द्रको सञ्चालन नगरपालिकाले गर्ने कानुनी व्यवस्था गरेको छ । नगरपालिकाको नियमन क्षेत्रअधिकार र नगरपालिकाभित्र मुख्य कार्यालय वा सेवा केन्द्र रहेका बचत तथा ऋण संस्थाहरू र बचत तथा ऋण कारोबार गर्ने बहुउद्देशीय सहकारी संस्थाहरूको अनिवार्य सहभागिता रहने गरी कर्जा सूचना केन्द्र सञ्चालनको व्यवस्था गरेको छ । नगरपालिका नगर प्रमुखको संयोजकत्वमा कर्जा सूचना केन्द्र सञ्चालन गर्न समिति गठन गर्ने व्यवस्था गरेको छ । समितिमा सह संयोजक नगरपालिकाका नगर उपप्रमुख, सदस्यहरूमा नगरपालिकाको प्रशासनिक अधिकृत, नगरपालिकाको कानुनी सल्लाहकार, नगरपालिकाले तोकेको सहकारी विज्ञ, नगर सहकारी समितिको संयोजक, नगर कार्यपालिकाले तोकेको एक जना कार्यपालिकाको सदस्य र सदस्य सचिव सहकारी शाखा प्रमुख रहने व्यवस्था गरेको छ । कर्जा सूचना केन्द्र सञ्चालन कार्यविधि बनाई आवश्यक जनशक्ति, कम्प्युटर प्रणालीलगायतको व्यवस्थापन नगरपालिकाले गर्ने व्यवस्था नियमावली गरेको छ ।

**ऋण असुली न्यायाधिकरण सम्बन्धमा**

मध्यपुर थिमि नगरपालिकाले सहकारी ऐन र नियमावली जारी गर्दै नगरपालिकाको उप प्रमुखको संयोजकत्वमा ऋण असुली न्यायाधिकरण गठन गर्न सकिने नियम २१ मा व्यवस्था गरेको छ । ऋण असुली न्यायाधिकरणमा कानुनी व्यवसायीय, चार्टर्ड एकाउन्टेट, सम्बन्धित वडाका अध्यक्ष र नगरपालिकाको सहकारी शाखा प्रमुख पदले सदस्य रहने गरी ऋण असुली न्यायधिकरण गठन गर्न सकिने व्यवस्था गरेको छ । ऋण असुली न्यायाधिकरणको पदावधि तीन वर्षको व्यवस्था गरेको छ । ऋण असुली न्यायाधिकरण गठन नभएसम्म नगरपालिकाको न्यायिक समितिबाट गर्न सक्ने व्यवस्था गरेको छ । संस्थाले ऋणी भाखा नाघेको एक वर्षपछि ऋण असुलीको लागि ऋण असुली न्यायधिकरणमा निवेदन दिन सकिनेछ । संस्थाले ऋण असुलीसम्बन्धी निवेदन दिँदा सम्बन्धित संस्थाले दाबी गरेको रकमको ०.५ प्रतिशत हुन आउने रकम ऋण असुली शुल्क रहनेछ । ऋण असुली शुल्क निवेदन दिँदा ०.५ प्रतिशतले हुन आउने रकमको ५० प्रतिशत र निवेदनको किनारा लागेपछि बाँकी सम्बन्धित संस्थाले बुझाउनुपर्ने व्यवस्था गरेको छ ।

**बचत तथा ऋण सुरक्षण कोष सम्बन्धमा**

बचत तथा ऋण सहकारी सुरक्षण कोषको स्थापना विशिष्टीकृत सङ्घको ढाँचामा हुनुपर्ने व्यवस्था सहकारी नियमावली, २०८० नियम ३८ ले गरेको छ । बचत तथा ऋण सुरक्षण कोषमा मध्यपुर थिमि नगरपालिकाअन्तर्गत सञ्चालित सबै बचत तथा ऋण सहकारी संस्थाहरू र वित्तीय कारोबार गर्ने बहुउद्देश्यीय सहकारीले शेयर खरिद गरी सदस्य बन्न सक्ने व्यवस्था छ । बचत तथा ऋण सुरक्षण कोष न्यूनतम ५ करोडको शेयर पुँजीमा स्थापना गर्न सकिन्छ । जसमा सहकारी संस्थाहरूको साठी प्रतिशत र बाँकी चालिस प्रतिशत नगरपालिकाले व्यवस्था गर्नुपर्ने व्यवस्था गरेको छ । नगर प्रमुखको संयोजक, उपप्रमुख सहसंयोजक, प्रशासकिय अधिकृत, सम्बन्धित वडाका वडा अध्यक्ष, सहकारी वित्तविज्ञ र प्रशासकीय अधिकृत सदस्य, नगर सहकारी समिति संयोजक र सहकारी शाखा प्रमुख सदस्य सचिव रहने गरी सहकारी बचत तथा ऋण सुरक्षण कोष सञ्चालन समिति गठन गर्न सक्ने व्यवस्था गरेको छ ।

**पर्ल्स अनुगमन प्रणाली पालना सम्बन्धमा**

मध्यपुर थिमि नगरपालिका सहकारी ऐन, २०७९ को दफा ७५ ले बचत तथा ऋण मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूले वासलातको १५ प्रतिशतदेखि २० प्रतिशतसम्म तरलता कायम गर्नुपर्ने उल्लेख छ । सङ्घीय सहकारी विभागले जारी गरेको निर्देशनमा कुल बचतको १० प्रतिशतदेखि १५ प्रतिशत अनिवार्य तरलता कायम गर्नुपर्ने व्यवस्था गरेको छ । तर, पर्ल्स अनुगमन प्रणालीबमोजिम तरलता कुल बचतको कम्तीमा १५ प्रतिशत कायम गर्नुपर्ने व्यवस्था छ ।

**स्थिरीकरण कोषसम्बन्धी व्यवस्था**

मध्यपुर थिमि नगरपालिकाको सहकारी ऐन, २०७९ को दफा ८० को उपदफा १ ले बचत तथा ऋण विषयगत सहकारी संस्थाहरूले सम्भावित जोखिमबाट संरक्षणका लागि सङ्घीय कानुनमा व्यवस्था भएबमोजिम खडा हुने स्थिरीकरण कोषमा सहभागी हुनसक्ने व्यवस्था छ । सोही दफाको उपदफा २ ले नगरपालिका क्षेत्रभित्र वित्तीय कारोबार गर्ने सहकारी संस्थाहरूको जोखिम सुरक्षित गर्नको लागि नगरपालिकाले तोकिएबमोजिम स्थिरीकरण कोष स्थापना गर्न सक्ने उल्लेख छ । मध्यपुर थिमि नगर सहकारी नियमावली, २०८० नियम ५३ मा नगर प्रमुखको संयोजकत्वमा, उपप्रमुख सहसंयोजक, सदस्यहरूमा प्रशासकिय अधिकृत, नगर प्रमुखले तोकेको नगर सदस्यहरूमध्ये दुई जना, नगर सहकारी समिति संयोजक, स्थिरीकरण कोषमा योगदान गर्ने सदस्य संस्थाहरूमध्येबाट दुई जना र नगरपालिका सहकारी शाखा प्रमुख सदस्य सचिव रहने गरी स्थिरीकरण कोष सञ्चालन समिति गठन गर्ने व्यवस्था गरेको छ । नगरपालिकाको नियमन क्षेत्राधिकारभित्र रहेका बचत तथा ऋण सहकारी संस्थाहरू नगरपालिको स्थिरीकरण कोषमा अनिवार्य सहभागि हुनुपर्ने व्यवस्था गरेको छ । नगरपालिकाको स्थिरीकरण कोष स्थापना गर्न सुरुमा नगरपालिकाले २० लाख जम्मा गर्ने उल्लेख छ । कोषमा आबद्ध संस्थाहरूले स्थिरीकरण कोषमा छुट्याएको रकम प्रत्येक वर्ष माघ मसान्तभित्र नगरपालिकाको स्थिरीकरण कोषमा जम्मा गर्नुपर्नेछ । कोषमा जम्मा हुने रकमको २५ प्रतिशत रकम नगरपालिकाले वर्ष रूपमा थप गर्दै लाने व्यवस्था गरिएको छ । सहकारी संस्थाहरूले कोषमा जम्मा हुने रकम जम्मा गर्न छुट्टै बैङ्क खाता खोली दायित्वको रूपमा राखिनेछ । कोषमा जम्मा हुने रकमको छुट्टाछुट्टै अभिलेख व्यवस्थापन गरी जम्मा भएको रकममा एक प्रतिशतको दरले ब्याज दिइने उल्लेख छ । स्थिरीकरण कोष सञ्चालन गर्न कम्तीमा ५० लाख रकम योगदान आवश्यक रहेकोले सो योगदान रकम नपुगेमा नगरपालिकाले थप गर्ने, पछि सदस्य संस्थाहरूबाट उक्त योगदान रकम पूर्ति भएमा नगरपालिकाले थप गरेको रकम फिर्ता लिने व्यवस्था गरेको छ । स्थिरीकरण कोषको स्थापना, सञ्चालन, उपयोगितासम्बन्धी अन्य व्यवस्था नगरपालिकाले स्वीकृत गरेको कार्यविधिबमोजिम गर्ने व्यवस्था गरेको छ ।

**सहकारी निर्देशक समिति गठन सम्बन्धमा**

ऐनको दफा १०५ (५) मा मध्यपुर थिमि क्षेत्रभित्रको सहकारीलाई सहकारी मूल्य तथा मान्यताअनुसार सञ्चालन गर्न, नीति निर्देशन प्रदान गर्न सहकारी निर्देशक समिति गठन गर्न सकिने व्यवस्था गरिएको छ । ऐन तथा नियमावलीमा उल्लेख नभएका तथा ऐन नियमसँग नबाझिने गरी सहकारीको गुणात्मक विकास तथा प्रवर्द्धन गर्न केही नीति तथा कार्यक्रम आवश्यक भएमा उक्त नीति तथा कार्यक्रम लागु गर्न र सहकारी सिद्धान्त प्रतिकूल नहुने गरी सहकारी संस्थाहरूमा नीति, विधि र प्रविधिमा एकरूपता कायम गर्न नगर सहकारी समितिलाई निर्देशन दिन सकिने गरी निर्देशक समिति गठनको व्यवस्था छ । निर्देशक समिति नगर प्रमुखको संयोजकत्वमा, उपप्रमुख सह संयोजक, सदस्यहरूमा नगर सहकारी समितिका संयोजक, प्रशासकीय अधिकृत, नगरपालिकाको कानुनी सल्लाहाकार, नगरपालिकाले तोकेको सहकारी विज्ञ, वित्त विज्ञ दुई जना, सहकारी संस्थाहरूमध्येबाट नगरपालिकाले तोकेको दुई जना र नगरपालिका सहकारी शाखा प्रमुख सदस्य सचिव रहने गरी गठनको व्यवस्था गरिएको छ । जुन सहकारी क्षेत्रको अभ्यासमा नौलो अभ्यास हो । यो सङ्घीय ऐन, प्रदेश ऐन तथा नियमावलीले कल्पना नगरेको व्यवस्था मध्यपुर थिमि नगर सहकारी ऐनले गरेको छ ।

**सहकारी समन्वय समिति गठन सम्बन्धमा**

सङ्घीय सहकारी ऐन र प्रदेश सहकारी ऐनमा व्यवस्था नभएको सहकारी समन्वय समिति नगरपालिकाको मातहतमा रहने गरी गठन गर्न सकिने व्यवस्था गरेको छ । मध्यपुर थिमि नगरपालिकाको सहकारी ऐनको दफा १०६ बमोजिम सहकारी समन्वय समिति गठन गर्न सकिनेछ । सहकारी संस्थाहरूबिच समन्वय गरी सहकारी मूल्य मान्यता र सिद्धान्तबमोजिम सञ्चालन गर्न तथा सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धनमा थप प्रभावकारी बनाउन सहकारी समन्वय समितिमा सहकारी प्रारम्भिक संस्थाहरूको भेलामार्फत छानेको व्यक्ति संयोजक, सो भेलाबाट दुई महिलासहित ६ जना प्रतिनिधि रहनेछ । सहकारी समन्वय समितिको गठनसम्बन्धी कार्यविधि नगरपालिकाले निर्माण गर्ने व्यवस्था रहेको छ । सहकारी समन्वय समितिको काम, कर्तव्यसमेत नियमावलीमा उल्लेख छ ।

**निष्कर्ष**

सङ्घीय, प्रदेश र स्थानीय सरकार एक अर्कोको समन्वय, सहकार्य र सहअस्तित्वमा सञ्चालन हुनुपर्दछ । सङ्घीय सहकारी ऐनमा स्पष्ट व्यवस्था भएको कर्जा सूचना केन्द्र, कालोसूची, कर्जा न्यायाधिकरण, स्थिरीकरण कोषलगायतको व्यवस्था स्थानीय सरकारले आफ्नो मातहत आफ्नो क्षेत्राधिकारभित्र छुट्टै सञ्चालन गर्ने गरी मध्यपुर थिमि नगरपालिकाको सहकारी ऐन तथा नियमावली जारी गरेको छ । एउटै राज्यमा सरकार पिच्छे ऐन कानुनमा समान्जस्यता नहुँदा कसरी सहकारी अभियान अघि बढ्ला ? सहकारी ऐन कानुनको परिपालाना कसरी होला ? यसले चुनौती थपेको छ । सङ्घीय सहकारी ऐनले व्यवस्था गरेको ऐन कार्यान्वयनमा ढिलो हुँदा स्थानीय तहले आफ्नो जनताको बचत रकम सुरक्षाको लागि आफैँ पहल गर्नु सराहनीय कार्य हो । तर, सङ्घीय ऐनमा स्पष्ट व्यवस्था भएको कुरा स्थानीय सरकारले पनि ऐन नियम जारी गर्दा कानुनी जटिलता थपिन्छ । सङ्घीय सहकारी ऐनका व्यवस्थाहरू मध्यपुर थिमि नगरपालिका आफैँ गर्छु भन्ने कुरा कति सहज होला ? सहकारी संस्थाको विकास र प्रवर्द्धनमा स्थानीय सरकारबाट गर्न सक्ने कतिपय राम्रा ऐन नियमको व्यवस्था मध्यपुर थिमि नगरपालिकाबाट हुने आशा गर्नु स्वाभाविक हो ।

*(लेखक भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि. का व्यवस्थापक हुनुहुन्छ ।)*


**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**इलेक्ट्रिक ट्राइसाइकल खरिदसम्बन्धी आशयको सूचना**

**प्रकाशित मिति: २०८०/१२/२५ गते**

भक्तपुर नगरपालिकाबाट दैनिक सङ्कलित फोहरमैला व्यवस्थापन गर्न आवश्यक इलेक्ट्रिक ट्राइसाइकल ५ (पाँच) थानको लागि आधिकारिक बिक्रेताबाट निर्धारित दरमा (क्याटलग सपिङ) विधिबाट खरिद गर्न मिति २०८०/११/१७ गो.प.दैनिकमा प्रकाशित सूचनाअनुसार म्यादभित्र पर्न आएका अधिकृत बिक्रेताहरूको स्पेसिफिकेसन, गुणस्तर र सुविधा सम्बन्धमा मिति २०८०/१२/१९ गतेको बोलपत्र मूल्याङ्कन समितिबाट न्यूनत्तम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही तपसिलमा उल्लेखित प्रस्तावदाता छनोट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्रदाताहरूलाई ७ (सात) दिने आशयको सूचनासमेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| सि.नं. | कामको विवरण | छनोट भएका प्रस्तावदाताको नाम र ठेगाना | कबोल गरेको रकम (मू.अ.कर सहित) |
|---|---|---|---|
| १. | इलेक्ट्रिक ट्राइसाइकल (Electric Three Wheeler Loder) | नाता इन्टरप्राइजेज एन्ड सप्लायर्स प्रा.लि.काठमाडौं | रु. २६,००,०००।०० |

***प्रदेशस्तरीय...***

भक्तपुरमा रहेका मूर्त र अमूर्त सम्पदाहरू हाम्रो साझा सम्पत्ति हो। साझा सम्पत्तिको संरक्षण गर्ने जिम्मेवारी पनि हामीहरूकै साझा हो, प्रमुख प्रजापतिले भन्नुभयो।

नयाँ पुस्तालाई संस्कृतिको महत्त्वबारे बुझाउन भनपाले स्थानीय पाठ्यक्रम बनाएर सबै विद्यालयहरूमा पढाइरहेको र यसले नयाँ पुस्तामा संस्कृति संरक्षणको चेतना जागृत हुँदै आएको उहाँले बताउनुभयो।

प्रतियोगितामा लुनिभा: धिमे खल (सूर्यविनायक नगरपालिका, सिरूटार) पहिलो, ताथली धिमे खल खल: (चाँगुनारायण नगरपालिका) दोस्रो र श्री राज गणेश धिमे खल ( मध्यपुर थिमि नगरपालिका तेस्रो हुन सफल भए।

पहिलो हुनेलाई नगद २५ हजार, धिमे बाजा दुई वटा, भुछ्या र सिछ्या एक-एक जोर, दोस्रो हुनेलाई नगद १५ हजार, धिमे बाजा एक वटा र भुछ्या एक जोर र तेस्रो हुनेलाई नगद १० हजार र धिमे एक वटा प्रदान गरिएको थियो।

कार्यक्रममा काठमाडौँ महानगरपालिकाका प्रवक्ता नवीन मानन्धर, केन्द्रीय मानन्धर सङ्घका सचिव गजेन्द्रमान मानन्धर, कार्यक्रम संयोजक तुल्सीकाजी मानन्धर, भक्तपुर जिल्ला मानन्धर युवा सङ्घका अध्यक्ष बाबुकाजी मानन्धर र केके मानन्धरले पनि बोल्नुभएको थियो।

***कामदारवर्गका...***

उहाँले भन्नुभयो, "मानिसमा साथअनुसारको संस्कृतिको विकास हुन्छ। खराब सङ्गत भए जीवन बर्बाद हुन्छ।"

ख्वप अस्पतालका निमित्त निर्देशक डा. मजेशप्रताप मल्लले ख्वप अस्पतालले बीमाका बिरामीलाई सेवा दिएबापतको १६ करोड रूपैयाँ सरकारबाट प्राप्त हुन बाँकी भएको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "भक्तपुरका जनताको मायाले अस्पतालमा विशेषज्ञ डाक्टरहरूको सेवा बढिरहेको छ।"

डा. विवेक बासुकलाले भन्नुभयो, "प्रभातमा अध्ययन गरेको जगकै कारण हाडजोर्नी चिरफार गर्ने डाक्टर बन्न पाएको छु; यसको निम्ति विद्यालयलाई आभार प्रकट गर्दछु।"

विद्यालयका प्रिन्सिपल बदनकेशरी प्रजापतिले विद्यालयको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा विद्यार्थीहरूले सांस्कृतिक प्रस्तुतिहरू देखाएका थिए।


## हार्दिक समवेदना



जन्म २०२१/०६/२१ — निधन २०८०/१२/१४

हाम्रा मिलनसार मित्र तथा यस कोषका सदस्य राजाराम कासुलाकी ममतामयी आमा **रत्नकेशरी कासुला**को असामयिक निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**स्वनिगः बचत कोष**
भक्तपुर

## डढेलोबाट बचौं र बचाऔं।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हार्दिक समवेदना



जन्म २०२१/०६/२१ — निधन २०८०/१२/१४

यस समूहका सदस्य तथा हाम्रा मिलनसार मित्र राधेश्याम कासुलाकी ममतामयी आमा **रत्नकेशरी कासुला**को असामयिक निधन भएकोमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**एकजुट समूह परिवार**

| | |
|---|---|
| नारायणसुन्दर शिल्पकार | सञ्जय कासुला |
| विज्ञान तचामो | उकेश तचामो |
| दिनेश शिल्पकार | दिलकुमार मानन्धर |
| सन्देश कवां | आरेश शिल्पकार |
| सञ्जय शिल्पकार | शुद्धरत्न मानन्धर |
| सुन्दर कवां | |

## हार्दिक श्रद्धाञ्जली



जन्म २००३/०१/११ — निधन २०८०/११/११

तीर्थभक्त थकु

यस बाल कुमारी देवी भजनका सदस्य **तीर्थभक्त थकु**को दु:खद निधनको २०८० चैत २५ गते ४५ (पैतालिस) दिनको पुण्यतिथिमा हार्दिक समवेदना प्रकट गर्दछै। साथै शोकसन्तप्त परिवारलाई धैर्यधारण गर्नसक्ने शक्ति प्रदान गरियोस् भनी भगवानसँग प्रार्थना गर्दछौं।

**बालकुमारी देवी भजन परिवार**
भ.न.पा.-९, तचपाल


## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

## खुला गुँला बाजा प्रतियोगितासम्बन्धी सूचना

सांस्कृतिक विधाहरूको संरक्षण र संवर्द्धन गर्नुका साथै नागरिकहरूमा रहेको सीप उजागर गर्न भक्तपुर नगरपालिकाको आयोजनामा खुला गुँला बाजा प्रतियोगिता मिति २०८१ वैशाख २२ गते, शनिबार देहायअनुसारको नियमबमोजिम सञ्चालन हुने भएको हुँदा सम्पूर्ण सम्बन्धित बाजाका सांस्कृतिक समूहहरू तथा सम्बन्धित सबैले आ-आफ्नो बाजा देहायको स्थानमा दर्ता गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ।

**प्रतिसमूह दर्ता शुल्क** : रु. १००।-
**दर्ता गर्ने अन्तिम मिति** : २०८१ वैशाख १४ गते, शुक्रबार
**दर्ता गर्ने स्थान** : भक्तपुर नगरपालिकाको प्रशासन शाखा, ब्यासी
भ.न.पा १ देखि १० वडा कार्यालयहरू

**प्रतियोगितामा सहभागी टोलीहरूले पालना गर्नुपर्ने नियमहरू:**

१. प्रतियोगितामा सहभागी हुन चाहने टोलीले नगरपालिकाको प्रशासन शाखा वा वडा कार्यालयहरूमा दर्ता शुल्क प्रतिटोली रु. १००।- तिरी निर्धारित फाराममा सहभागी सदस्यहरूको फोटोसहित विवरण भरी दर्ता गर्नुपर्नेछ। अनलाइन फाराम दर्ताको लागि www.bhaktapurmun.gov.np मा हेर्नुहोला।
२. प्रतियोगिता २०८१ वैशाख २२ गते, शनिबार सञ्चालन हुनेछ।
३. प्रत्येक टोलीले नगरपालिकाद्वारा निर्धारित नगर परिक्रमाको रुटमा बाजा बजाएर घुम्नुपर्नेछ। नगर परिक्रमाको समेत मूल्याङ्कन गरिनेछ। नगर परिक्रमाको लागि १० अङ्क भार हुनेछ।
४. टोलीबिच ३०-५० मिटर फरकमा नगर परिक्रमा गर्नुपर्नेछ।
५. नगर परिक्रमाको क्रममा टोलीमा धेरै जना सहभागी हुन सक्नेछन् तर मूल्याङ्कन स्थलमा भने प्रतिटोली बढीमा १६ जनामात्र हुनुपर्नेछ, जसमा धाँ बाजा बढीमा ६ जना, नाय खिँ बाजा १ जना र अन्य गीत बजाउने वा गाउने, भुछ्या/सिछ्या/तँ/बाँसुरी/म्वाली/ड्ख/कनाथलगायतका बाजा बजाउने वाद्यवादकहरू हुनुपर्नेछ।
६. मञ्चमा समयमै उपस्थित हुनुपर्नेछ।
७. बाजा बजाउँदा गीतको बोल परम्परागत नेवारी लोक धुन हुनुपर्नेछ।
८. टोलीको प्रस्तुति पालो गोलाप्रथाद्वारा निर्धारण गरिनेछ।
९. मूल्याङ्कन स्थलमा प्रत्येक टोलीलाई १० मिनेटको समय दिइनेछ। ८ मिनेटमा जनाउ सङ्केतस्वरुप झन्डा उठाइनेछ भने निर्धारित १० मिनेटभित्र बाजा टुङ्ग्याउनुपर्नेछ।
१०. मञ्चमा थ्रो ल्हाय् गर्न पाइने छैन।
११. प्रतियोगितामा देहायबमोजिम विभिन्न बुँदाहरूमा मूल्याङ्कन गरिनेछन् :

| क्र.सं. | मूल्याङ्कन विवरण | मूल्याङ्कन अङ्कभार |
|---|---|---|
| क. | धुन, बोल र ताल | ३० |
| ख. | समयको परिपालना | ५ |
| ग. | अनुशासन | ५ |
| घ. | हाउभाउ | १० |
| ङ. | भेषभूषा | १० |
| च. | प्रष्टता | २० |
| छ. | दर्शकको ध्यानाकर्षण | १० |

१२. प्रतियोगितामा उत्कृष्ट समूहहरूलाई देहायबमोजिम पुरस्कार वितरण सोही दिन हुनेछ।

**प्रथम पुरस्कार** - नगद रु. ४०,०००।– का साथै वाद्यवादनका सामग्री
**द्वितीय पुरस्कार** - नगद रु. ३०,०००।– का साथै वाद्यवादनका सामग्री
**तृतीय पुरस्कार** - नगद रु. २५,०००।– का साथै वाद्यवादनका सामग्री
**सान्त्वना पुरस्कार** - नगद रु. २०,०००।- का साथै वाद्यवादनका सामग्री (दुई वटा समूहसम्म)

१३. सहभागी प्रत्येक टोलीलाई खाजा खर्चबापत रु. ३०००।– उपलब्ध गराउनेछ।
१४. प्रतियोगितासम्बन्धी कुनै विवाद उठेमा निर्णायकहरूको राय सल्लाह लिइनेछ र नगरपालिकाको निर्णय नै अन्तिम हुनेछ।

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

## सामाजिक सुरक्षा भत्ता वितरणसम्बन्धी सूचना

आ.व. २०८०/८१ को सामाजिक सुरक्षा भत्ताअन्तर्गत तेस्रो त्रैमासिक (२०८० माघ, फागुन र चैतको) देहायबमोजिमका बैङ्कहरूमा EFT मार्फत भत्ता जम्मा भइसकेको हुँदा सम्बन्धित लाभग्राहीहरूलाई सम्बन्धित वडा कार्यालयहरू तथा बैङ्कमार्फत निम्न मिति र स्थानमा कार्यालय समयमा वितरण गरिने व्यहोरा सम्बन्धित सबै लाभग्राहीहरूको जानकारीको लागि अनुरोध छ। सामाजिक सुरक्षा भत्ता तथा आर्थिक सहायता रकम बुझ्न लाभग्राहीहरू देहाएबमोजिमका कागजातसहित उपस्थित भई दिनुहुनका साथै अशक्त, अपाङ्गता भएकाहरूको लागि घर घरमै भत्ता वितरण गरिने समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| वडा नं. | बैङ्कको नाम | वितरण मिति | वितरण गर्ने स्थान |
|---|---|---|---|
| १ | कुमारी बैङ्क, नपुखु | मिति २०८० चैत २५ गते | १ नं. वडा कार्यालय |
| २ | नेपाल बैङ्क लि., ब्यासी | मिति २०८० चैत २५ गते | भ.न.पा. कार्यालय भवन ब्यासीको बैङ्क काउन्टर |
| ३ | कुमारी बैङ्क, नपुखु | मिति २०८० चैत २७ गते | ३ नं. वडा कार्यालय |
| ४ | सिद्धार्थ बैङ्क, तलेजु मार्ट | मिति २०८० चैत २५ गतेदेखि | सिद्धार्थ बैङ्क, राममन्दिर |
| ५ | लक्ष्मी सनराइज बैङ्क, सुकुलढोका | मिति २०८० चैत २५ गतेदेखि | लक्ष्मी सनराइज बैङ्क, सुकुलढोका |
| ६ | कुमारी बैङ्क, ब्यासी | मिति २०८० चैत २५ र २८ गते | देकोचा कभर्ड हल |
| ७ | कुमारी बैङ्क, जगाती | मिति २०८० चैत २५ र २८ गते | ७ नं. वडा कार्यालय |
| ८ | प्राइम बैङ्क, च्याम्हासिंह | मिति २०८० चैत २५ गतेदेखि | प्राइम बैङ्क, च्याम्हासिंह |
| ९ | सिद्धार्थ बैङ्क, च्याम्हासिंह | मिति २०८० चैत २५ गतेदेखि | सिद्धार्थ बैङ्क, च्याम्हासिंह |
| १० | ग्लोबल IME बैङ्क, कमलविनायक | मिति २०८० चैत २५ गतेदेखि | ग्लोबल IME बैङ्क, कमलविनायक |

**आवश्यक कागजातहरू :**
१. सामाजिक सुरक्षा परिचय पत्र,
२. संरक्षकको हकमा संरक्षक खुलेको कागजात वा सम्बन्धित वडाको सिफारिस र परिचय पत्र,
३. चेकबुक प्राप्त लाभग्राहीहरूले आफ्नो चेकबुक साथमा लिएर आउनुहोला।

*पुनश्च : उपरोक्त दिनहरूमा भत्ता बुझ्न नसकिने लाभग्राहीरूका बैङ्क खातामा रकम जम्मा हुने व्यहोरा अनुरोध छ।*

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा